# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मिक्लाजुङ गाउँपालिका
## मोरङ

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मिक्लाजुङ गाउँपालिका
## मोरङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

मिक्लाजुङ गाउँपालिका

मोरङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

**जेष्ठ ,२०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर, बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
कोशी प्रदेश

मिति:२०८१।०२।१३

**प.सं. — २०८०।८१**

**च.नं. — १५५**

विषय: **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,
मिक्लाजुङ्ग गाउँ कार्यपालिकाको कार्यालय,
मोरङ्ग ।

१. **कैफियत सहितको राय** - हामीले यस पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.४ करोड ४१ लाख ८३ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभएकोमा बाँकी बेरुजु असुल गर्नुपर्ने रू. २२ लाख ७४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ६५ लाख ०८ हजार र नियमित गर्नुपर्ने रू.२ करोड ५७ लाख ३२ हजार समेत रू.४ करोड ४५ लाख १४ हजार रहेको छ । यस पालिकाको गतवर्ष सम्म रू.१८ करोड १९ लाख ५४ बेरुजू बाँकी रहेकोमा यो वर्ष रू. २ करोड ४८ लाख ५० हजार सम्परीक्षणगरी रु १२ लाख ७२ हजार थप सम्परीक्षणबाट थप भई हालसम्मको अद्यावधिक रू.२० करोड २८ लाख ९० हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम

गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।



**(श्रीकुमार राई)**

**नायब महालेखापरीक्षक**

**मिक्लाजुङ्ग गाउँपालिका,**

**मोरङ्ग जिल्ला**

## १. चालु वर्ष २०७९।८० को बेरुजु

**बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)**

(रू. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ७६ | ८४ | ५७२९६ | ० | १८ | १२७८२ | ७६ | ६६ | ४४५१४ | २२७४ | २५७३२ | १६५०८ | ० | ० | ४२२४० | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रू. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मोरङ्ग | १८१९५४ | ० | २४८५० | १५७१०४ | १२७२ | ४४५१४ | २०२८९० |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | १२७८१६००।०० |
| | चालु वर्षको जम्मा | १८ | | - |
| | गत विगत वर्षतर्फको | | | - |
| | २०७८।७९ | | | ७५११६३२।०० |
| | २०७७।७८ | | | १७३३८६०२।०० |
| | २०७६।७७ | | | - |
| | गत विगतको जम्मा | | | २४८५०२३४।०० |
| | कुल जम्मा | | | ३७६३१८३४।०० |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

१ **(क) मिक्लाजुङ्ग गाउँपालिकाको परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।९।१२ देखि २०८०।१०।११ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी

स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय — व्ययतर्फ रु. १६८११९६५३७।७० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची — २ मा संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### २ वित्तिय विवरण सम्बन्धमा

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२)सम्बन्धमा निम्नअनुसार देखिएको छः

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले निम्न शिर्षकहरु सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

| सि.न. | शिर्षक | बजेट | खर्च |
|---|---|---|---|
| १ | एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम(३७०००११६४) | १९१६१०००।०० | ११६४९९०६।०० |
| २ | सामाजिक सुरक्षा तथा सरँक्षण(३१४०१०१२३) | १४२११८०००।०० | १३९५५७८२१।०० |
| ३ | गरिबसँग बिश्वेश्वर कार्यक्रम(३३६००१०२३) | ४६५०००।०० | ४६३०००।०० |

२.३ पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.२२७००३८२९।०४ मौज्दात रहेकोमा यो वर्ष रु.२३२३३८३९९।७१ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.५३,३४,५७०।६७ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ।

२.४ यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.७६३६५६३.२०, यस वर्षको प्राप्ति रु. १६६३०१७१.७३, यस वर्षको भुक्तानी रु.२२०१२०६२.४० र बैङ्क मौज्दात रु.२३३८०८२.०० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | २२४७०१८३६.५१ | ६११२७१८४१.१७ | ७२५६१०२४५.८० | ११२२०९,८२२.३८ |
| एकीकृत आर्थिक विवरणअनुसार | २३२३३८३९९.७१ | ६२७९०२०१२.९० | ७४७६२२३०८.२० | ११४९४७९०४.३८ |
| फरक | ७६३६५६३.२० | १६६३०१७१.७३ | २२०१२०६२.४० | २३३८०८२.०० |

२.५ बैङ्क हिसाब विवरण —स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाताको प्रकार | श्रेस्ताअनुसार मौज्दात रु | बैंकअनुसार मौज्दात रु | फरक |
|---|---|---|---|
| ग१.१, आन्तरिक राजस्व खाता | ० | ० | ० |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| ग१.३, आन्तरिक अनुदान खाता | ० | ० | ० |
| ग२.२, चालू खर्च खाता- जोर वर्ष | ० | ५९६५३२५.४ | |
| ग२.४, पुँजीगत खर्च खाता- जोर वर्ष | ० | १६४३७०९४. | |
| ग२.७, विविध खर्च खाता | १२५३०५७. | १२५३०५७. | ० |
| ग३.१, स्धानीय तह धरौटी खाता | १८३८६२७५. | १८३८६२७५. | ० |
| ग४.१, स्थानीय तह सञ्चित कोष खाता | ९४४२७९४२.१६ | ९४४२७९४२.१६ | ० |
| ग५.१, स्थानीय तह विविध कोष खाता | ८७४६३०.२२ | ८७४६३०.२२ | ० |
| ग६.१, स्थानीय तह विभाज्य कोष खाता | ० | ० | ० |

| | | | |
|---|---|---|---|
| ग७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ६,०००.०० | ६,०००.०० | ० |
| बैंक कारोबारमा भिन्नता [राजस्व खाता र सञ्चित कोष खाता] | -२७३८०८२. | | २७३८०८२ |
| **जम्मा** | **११२२०९८२२.३८** | **१३७३५०३२३.७८** | **२७३८०८२** |

२.६ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाअध्यक्षले मिति २०७९।०३।१० मा रु. ८५ करोड ८४ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।१४ मा पारित भएको छ । यसै गरी स्थानीय तहका अध्यक्षले मिति २०७९।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरि सक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

३ **आन्तरिक नियन्त्रण प्रणाली** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७८।१३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वयन गर्न परिपत्र गरेको छ । हालसम्म यस गाउँपालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका बनाई लागु गरेको छैन । वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेको छैन । अनुगमन तथा मूल्यांकलाई प्रभावकारी बनाउन सकेको छैन । जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्दश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नु पर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकिएको, प्रचलित ऐन, नियम

लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्दधन प्रभावकारी हुन नसकेको अवस्था छ ।जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाइ यथाशीघ्र कार्यान्वयन गर्नु पर्दछ ।

४ **सेवा प्रवाह** — पालिकाको यस आर्थिक बर्षको सेवा प्रवाहलाई हेर्दा निम्न अवस्था रहेको देखिन्छ ।सेवाग्राहीहरुले सेवा प्राप्तीका लागि दिएको निवेदन सँख्या भन्दा सिफारिस सँख्या कम भएको अवस्था कतिपय सेवामा देखिन्छ ।के कति कारणले पुर्ण रुपमा सेवा प्राप्त गर्न नसकेको हो सो पहिचान गरी प्रभावकारी सेवा प्रवाह गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| क्र स | विवरण | सेवा प्राप्तीका लागि निवेदन सँख्या | सिफारिस सँख्या |
|---|---|---|---|
| 1 | नागरिकता सिफारिस | १०२८ | १०२४ |
| 2 | घरबाटो सिफारिस | ३१६ | ३१३ |
| 3 | नाता प्रमाणित | ४९६ | ४९४ |
| 4 | जन्म दर्ता | १४४५ | १४६१ |
| 5 | मृत्यु दर्ता | ३४१ | ३१२ |
| 6 | अन्य | ५८९८ | ५७१४ |
| | जम्मा | ९५२४ | ९३१८ |

## ५ आन्तरिक आय तथा राजस्व सम्बन्धमा

५.१ स्थानीय सरकार सञ्चालनऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवाशुल्क, दस्तुर वापत अनुमानित रु.९,३१,००,०००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा

रु.२,५२,२८,०६४.६६ अर्थात अनुमान भन्दा ७२।९० प्रतिशत घटी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथ परक बनाई आय आर्जन बृद्धि गर्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

५.२ स्थानीय सरकार सञ्चालनऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८०मा पालिकाले गरेको कुल खर्चको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| पालिकाले गरेको कुल खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ८९९२३९०३५।२० | २५२२८०६४.६६ | २.८० |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.८० प्रतिशतमात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आयबृद्धि गर्नेतर्फ ध्यानदिनुपर्ने देखिन्छ।

५.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पती कर | १०,००,०००.०० | ७,०७,१३४.५२ | 70.71 |
| भुमिकर/मालपोत | १०,००,०००.०० | ३,३६,४५८.०० | 33.65 |
| घर जग्गा रजिष्टेशन दस्तुर | ३५,००,०००.०० | ० | 0.00 |
| वहाल विटौरी कर | २५,००,०००.०० | ०.०० | 0.00 |
| न्यायिक दस्तूर | २५,०००.०० | ११,५००.०० | 46.00 |
| अन्य प्रशासनिक सेवा शुल्क | ४,००,०००.०० | २,६९,०००.०० | 67.25 |
| नक्सा पास दस्तुर | ५,७०,००,०००.०० | ४१,४६१.६६ | 0.07 |

| | | | |
|---|---|---|---|
| सिफारिश दस्तुर | २०,००,०००.०० | ११,१५,७४५.०० | 55.79 |
| व्यक्तिगत घटना दर्ता दस्तुर | १०,००,०००.०० | ५,०२,३४९.०० | 50.23 |
| नाता प्रमाणित दस्तुर | ३,००,०००.०० | १,१४,०००.०० | 38.00 |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | ६,००,०००.०० | ३,४५,७२३.०० | 57.62 |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

५.४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय रजिष्ट्रेशन दस्तुर शिर्षकमारु.३,४५,७२३.००कर सङ्कलन गरेको देखिन्छ ।पालिकाको क्षेत्र भित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्दछ।

६ **खर्च बिश्लेषण** — पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु. २५२२८०६४।६६, राजस्व बाँडफाँड र अनुदानबाट रु.५८९५८८१९४।२० समेत रु.६१४८१६२५८।८७ आम्दानी भएकोमा चालु तर्फ रु.४१७९७८६६१।०४ र पूँजिगत तर्फ रु.३०११८०५२०।४८ समेत रु.७१९१५९१८१।५२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २४.८ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.७०१४०००।०० खर्च भएको छ जुन आन्तरिक आयको २७.८० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६८ प्रतिशत चालु र ४८.९८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

७ **क्षेत्रगत बजेट र खर्चको स्थिति**— स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ। यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| **क.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६३२६६९९१ | २३१०७६२७ | ३.२१ |
| २ | पूर्वाधार विकास | ३६४९४५७०० | २४२१०९४०३ | ३३.६७ |
| ३ | सामाजिक विकास | २९६४१३५०० | २६३७१९१८४ | ३६.६७ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २९४७७००० | १८२३०३९९ | २.५३ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १८०४५१३०० | १७१९९२५६८ | २३.९२ |
| **जम्मा** | | **९३४५५४४९१** | **७१९१५९१८२** | **१००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दाबढी ३६।६७ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र सबै भन्दा घटीमा २।५३ प्रतिशत रहेकोछ।

८ **त्रैमासिक पूँजीगत खर्च** — आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| **क्र= सं** | **बजेट शिर्षक उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | **प्रथम त्रैमासिक** | **दोस्रो त्रैमासिक** | **तेस्रो त्रैमासिक** | **चौथो त्रैमासिक** | **आषाढ महिना** |
| १ | समानिकरण अनुदान | ८०७८० | ५४६५ | ८६९५ | १९६४९ | ४६९७१ | २२८५९ |
| २ | आन्तरिक स्रोत | २१६४३३ | ८६०१६ | ९७९९ | ४२१८२ | ७८४३६ | ३६४४१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | राजस्व बाँडफाँड | ९३७,७९ | ५१०० | १८६२८ | ३०६२१ | ३९४३० | २५०६० |
| ४ | सँघीय सशर्त अनुदान | २५४४२३ | ४६३९५ | ४८७९१ | ५२०६५ | १०७१७३ | ८९२९८ |
| ५ | सँघीय समपुरक | १००० | ०. | ०. | २५०० | ७५०० | ७५०० |
| ६ | प्रदेश सशर्त अनुदान | १६४२५. | ०. | ९७. | २४३ | १६०८४ | १५७२५ |
| **जम्मा** | | ५६९०६ | १४२९७६ | ८६००९ | १४७२६१ | २९५५९ | १९६८८३ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु. ५६९०६२०७४.७३ निकासा\खर्च भएकोमा प्रथम त्रैमासिक मा रु. १४२९७६६६१.९६ (२५.१२प्रतिशत), दोस्रो त्रैमासिकमा रु.८६००९४५६.११ (१५.११प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.१४७२६०६४७.८५ (२५.८७ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरीनै चौथो त्रैमासिकमा रु.२९५५९४५०६.१२ (५२ प्रतिशत) र अषाढमा महिनामा रु.१९६८८३१९५.७६ (३४.५९) मात्र खर्च देखिनुले चौथो त्रैमासिक र अषाढ महिनामा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

९ **अबण्डा बजेट—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले योवर्ष रु.२५००००००।०० अबण्डा रुपमा राखी खर्च गरेको छ।बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेको पालिका पुजीगत तर्फको योजनाका उदाहारण देहाय अनुसार छ :

| क.स. | योजनाको नाम | बजेटाखर्च |
|---|---|---|
| १ | भैपरी आउने कार्यापालिका बैठकको निर्णयले सम्बोधन गरिने योजना | २५०००००।०० |
| २ | भैपरी आउने कार्यापालिका बैठकको निर्णयले सम्बोधन गरिने योजना | ७५०००००।०० |
| ३ | भैपरी आउने कार्यापालिका बैठकको निर्णयले सम्बोधन गरिने योजना P2 | १००००००००।०० |
| ४ | भैपरि आउने विपद् व्यबस्थापन | १८०००००।०० |
| ५ | भैपरि आउने विपद् व्यबस्थापन | १४०००००।०० |
| ६ | भैपरि आउने विपद् व्यबस्थापन | १८०००००।०० |
| जम्मा | | २५००००००।०० |

१० **वार्षिक खरिद योजना/गुरुयोजना** — सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.३०,११,८०,५२०.४८ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरु योजना नबनाई खरिद कार्य गरेको देखियो।अत:पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

११ **योजना तथा कार्यान्वयन**— स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै, योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना

र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्ः

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु. १ लाख भन्दा कमको योजना | ४७ | ३९५०९९३।०० |
| २ | रु. १ लाख देखि २ लाख सम्मका योजना | ५८ | १०८०८८१७।०० |
| ३ | रु. २ लाख देखि ५ लाख सम्मका योजना | ५६ | १९४५४१६९।०० |
| ४ | रु.५ लाख एक देखि १० लाख सम्मका योजना | २३ | २०५९४१२८।०० |
| ५ | १० लाख भन्दा माथीका | २१ | ७८९४२८७०।०० |
| जम्मा | | **२०५** | **१३३७५०९७७** |

१२ **भुक्तानी वाँकीको कच्चावारी वेगर भुक्तानी**

..........प्रारम्भिक प्रतिवेदन उपर नियमित भई पेश भएको आधारमा मिति २०८१।१।३ को निर्णयबाट रू. ८,६३,९९०।- सम्परीक्षण गरिएको ।

१३ **ठेक्का अभिलेख तथा व्यबस्था**

१३.१ सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राखुपर्दछ ।

१३.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा १९.४८ देखि ३३.३८ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समानै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | Construction of black top road in devkota sadak | 1/MRMM/WORKS/NCB/079/80 | BG Engineering Construction Hetauda 3 | 19457725.16 | 13436455.35 | 30.94 |
| ३ | Construction of Box Culvert in Simley Safewa Khola | 3/MRMM/WORKS/NCB/079/80 | Key note Consult And Builders Pvt. Ltd | 15125338.46 | 10540423.9 | 30.31 |
| ६ | Bhagawati School Building Construction | 4/MRMM/WORKS/NCB/079/80 | JB and Sons Consruction Birthamod -4 jhapa | 17148166.79 | 11815223.12 | 31.10 |
| ७ | Dilli Dahal ko ghar hudaiDevisthan Simsar samma Drain Nirman | 5/MRMM/WORKS/NCB/079/80 | Mukkumlung Builders Pvt.Ltd.Miklajung -9 morang | 1345079.75 | 1082946.5 | 19.48 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | Manohar Janta Mavi Pachhadi koThado Bato Drain Nirman | 6/MRMM/WORKS/NCB/079/80 | Mukkumlung Builders Pvt.Ltd.Miklajung -9 morang | 1,309,008.26 | 879442.34 | 32.81 |
| ९ | Kashinath chowk Purba Bhim Luitel ko Ghar samma Drain Nirman | 7/MRMM/WORKS/NCB/079/80 | Mukkumlung Builders Pvt.Ltd.Miklajung -9 morang | 1466286.75 | 976797.48 | 33.38 |

१४ **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवशयकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सङ्गठन सरँचना कायम हुने साथै सोही ऐनको दफा ८३(८) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैंचे लगायत पदमा करार सेवामा कर्मचारी राख्न सक्ने उल्लेख छ। गाँउपालिकाको पालिक बैठकबाट निर्णयको भएको सङ्गगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार प्रमुख प्रशासकिय अधिकृत सहित ७७ जनाको दरबन्दी स्वीकृत रहेकोमा ६१ जना मात्र पदपुर्ति भई बाकी १६ पद रिक्त रहेको पाइयो ।पालिकाले ८६ जना करारमा कर्मचारी राखी रु २७१८६५०८ खर्च लेखेको पाइयो । ऐनले तोकेको पद बाहेको अमिन१, लगत प्रविष्टकर्ता१,कानूनी सल्लाहकार १, सहायक कम्प्युटर अपरेटर१ र अनमि ६ जना कर्मचारी करारमा राखि खर्च गरेको रकम नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४०,८९,८८६ |

१५ **कर्मचारी प्रोत्साहन भत्ता** – स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) मा स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले कर्मचारी प्रोत्साहन सम्बन्धी कार्यविधि तयार गरे पनि भत्ता वितरणको विधि र प्रकृयका बारेमा कुनै उल्लेख गरेको छैन। पालिकाले २०७७ फागुन ३ गते प्रकाशित राजपत्रमा सेवा प्रवाहलाई पारदर्शी, छिटो छरितो र प्रभावकारी बनाउन नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई कार्यबोझ र कार्य कुशलताको आधारमा दैनिक हाजिरी ३० देखी ७४ दिनको खाइपाइ आएको १ दिनको तलवका हिसावले थप प्रोत्साहन भत्ता विभिन्न स्तरका २५ जना कर्मचारीहरुलाई रु.१४८५४७४/-खर्च लेखेको पाइयो । पालिकाले यस अवधिमा गरेको

अतिरिक्त कार्यहरुको कार्यविवरण तथा भत्ता वितरणको कुनै निश्चित मापदण्ड नबनाई, लिखित हाजिर समेत प्रमाणित नगरी प्रगति विवरण ( कार्यसम्पादन सूचकङ्क ) समेत पेश नगरी भुक्तानी गरेको रकम नियमसम्मत देखिएन ।

१६ **तहवृद्धि** — नेपालको संविधान २०७२ को धारा २२७ मा प्रदेश सरकारका कर्मचारी र कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून वमोजिम हुने व्यवस्था छ । कोशी प्रदेश सरकारले प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा १३९ को अधिकार बमोजिम कर्मचारीको तहवृद्धि निर्देशिका २०७९ जारी गरी प्रदेश अन्तर्गतका कर्मचारीको तह वद्धि गर्दा प्रदेश लोकसेवा आयोगको लिखित सहमति लिनुपर्नेमा नलिई देहाय बमोजिमका कर्मचारीहरुको ५वर्ष सेवा अवधि पुरा गरेको आधारमा कर्मचारीको एक तहवृद्धि गरी तलव सुविधा वृद्धि गरेको छ । निजामती सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानून वमोजिम हुने व्यवस्था रहे बमोजिम संघीय निजामती ऐन विपरित हुनेगरी देहाय बमोजिमका कर्मचारीहरुको ५वर्ष सेवा अवधि पुरा गरेको आधारमा कर्मचारीको एक तहवृद्धि गरी तलव सुविधा वृद्धि गरिएको देखिन्छ । यसरी कर्मचारी एक तहवृद्धि गरी पदस्थापन गर्दा मन्त्रालयले स्वीकृत गरेको संगठन संरचना अन्तर्गत दरवन्दी एकिन गरेको पाइएन । प्रदेशले संघीय तथा प्रदेश कानूनको अभावमा तहवृद्धि निर्देशिका बनाई लोक सेवा आयोगको परामर्श वेगर तह वृद्धि तथा समायोजन गरि कर्मचारीको तलव भात्ता खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,१७२ |

**(विस्तृत विवरण बेरूजु दफा १६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१७ **विविध खर्च** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाको सुत्रको विवरण अनुसार विविध खर्चमा पालिका कार्यालय तर्फ रु ३१८७००० र वडा तर्फ रु ९१२००० समेत रु. ४०९९०००/- खर्च गरेको पाइयो ।पालिकाले विविध खर्च लेख्दा प्रयोजन नखुलाई पालिका अन्तर्गत चमेना गृहका अतिरिक्त विभिन्न होटल तथा रेस्टुराँको बिल भरपाई संलग्न गरी अत्याधिक मात्रामा खाना खाजा लगायतमा खर्च गर्ने गरेको पाइयो । पालिकाले मितव्ययी रुपमा विविध खर्च गर्दै यस्ता खर्च नियन्त्रण गर्नुपर्दछ ।

१८ **आर्थिक सहायता** — पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले ७५जना व्यक्तिहरुलाई रु ४००० देखी १८३८० सम्म वितरण गरी यस बर्ष ६०७३८० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु२४९१७२०७ को करिब २.४४ प्रतिशत हुन आउँछ ।पालिकाले विगत बर्षहरुमा पनि आर्थिक सहायता वितरण गरेकोमा सो को विवरण तयार गरेको पाइएन। आर्थिक सहायता वितरणको अभिलेख राखी दोहोरो नपर्ने गरि कार्यविधि अनुसार आर्थिक सहायता वितरण गर्नु पर्दछ ।

१९ **धरौटी सदरस्याहा** — आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम६७ मा तोकिए बमोजिमको कार्यविधि अपनाई कार्यालयप्रमुखले राजस्वमा आम्दानी बाँध्नुपर्ने उल्लेख छ । कार्यालयको यस आ.व.को अन्तमा रु.१८३८६२७५।०० धरौटी मौज्दातमा रहेको देखिन्छ । नियममा भएको व्यवस्था अनुसारनामनामेसी नखुलेको धरौटी रकम तथा प्रयोजन सकिएको धरौटी सदरस्याहा गरि धरौटी खाता अद्यावधिक गर्नुपर्दछ ।

२० **बोलपत्र जमानत** — मिक्लाजुङ गाउँपालिका, मोरङको १३ नाकाबाट नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवाको सङ्कलन र बिक्री गर्नको लागि आव्हान गरेको बोलपत्र सूचना तथा सम्झौताका शर्तमा स्वीकृत कबोल रकम रु.५६५६९०५५।४३ को प्रकृतिक स्रोत सङ्कलनको बिक्रीमा छनौट भएको व्यवसायी पाथिभारा कन्ष्ट्रक्सन इटहरी सुनसरीले तोकिएको म्याद भित्र सम्झौता गर्न नआएको कारण ठेक्का रद्द गर्दा बोलपत्र जमानत रु २८२८४५३।०० जफत नगरेको कानुनसम्मत नदेखिएकोले निजले जम्मा गरेको जमानत धरौटी राजस्व दाखिला हुनुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २८,२८,४५३ |

२१ **परिमाण नियन्त्रण** — ढुङ्गा गिटी बालुवा उत्खनन बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को बुँदा ७ (६) मा उत्खनन संकलन तथा ढुवानीकर्ताले उत्खनन संकलन वा ढुवानी गरेको परिमाणको दैनिक अभिलेख अनुसूची ४(क) र दैनिक पटके बिक्री वा अभिलेख तेरिज अनुसूची ४ (ख) बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । पालिकाले नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवाको सङ्कलन र बिक्री गर्नको लागि आव्हान गरेको बोलपत्र बिक्री नभएकोले निश्चित तलव दिनेगरी अमानतबाट नदीजन्य पदार्थ सङ्कलन तथा बिक्रीको लागि ७ जनालाई दिएककोमा नदीजन्य पदार्थ

संकलन तथा बिक्रीको लागी दिएकोमा कार्यविधि बमोजिम उल्लेखित नाकाको नदीजन्य पदार्थको उत्खनन तथा संकलन, घाटगद्दी र बिक्रीको अभिलेख राखेको देखिएन। कार्यविधि बमोजिम अभिलेख नराख्दा ढुङ्गा, गिट्टी, बालुवाको सङ्कलन र बिक्री गर्न दिएको परिमाण नियन्त्रण हुने देखिएन । मापदण्ड बमोजिम पट्टामा दिएको परिमाणमा उत्खनन तथा संकलन,घाटगद्दी र बिक्रीको अभिलेख राखी नदीजन्य पदार्थको परिमाण नियन्त्रण गर्नुपर्दछ ।

२२ **फोहरमैलाको आम्दानी** — फोहरमैला उठाउने प्रयोजनका लागि प्रत्येक घरलाई औषतमा महिनाको रु ५० का दरले १२ महिनाको ९३९ घरधुरीको रु ५६३४००।०० असुल हुनुपर्नेमा पेश भएको नगदी रसिदको विवरण अनुसार रु ४२८२२०।०० मात्र असुल गरेको देखिएकोले रु १३५१८०।०० घटी उठाएको सम्वन्धमा छुटेको घर संख्या एकिन गरी असुल गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३५,१८० |

२३ **सटर भाडा** — स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ र आन्तरिक आय बढाउनको लागि आयको सम्भावित क्षेत्रहरुको पहिचान गरि आय ठेक्का लगाउन सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्न सटरहरुमा ठेक्का लगाएको तर आय वापतको रकम र मुल्य अभिवृद्धी कर उठाउन सकेको देखिएको छैन। सटर व्यवसायीसँग गरेको सम्झौताको बुँदामा सटर भाडा प्रत्येक महिना समाप्ती पश्चात ७ गते भित्र दाखिला गर्ने उल्लेख छ र भाडा रकम दाखिला नगरे सम्झौता रद्ध गरि धरौटी जफत गराउन सकिने उल्लेख छ। निम्न सटर व्यवसायिबाट २०८० अषाढ मसान्तसम्मको बाँकि भाडा रकम रु ७०,५००।०० लेखापरीक्षणको अवधी माघ १५ सम्म दाखिला भएको नदेखिएकोले असुल गरि राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

| क्र.सं | सटर भाडामा लिनेको नाम | कोठा संख्या | मासिक दर | संझौता मिति | भुक्तानी रकम | भुक्तानी नभएको महिना | भुक्तानी हुन बाँकी रकम |
|---|---|---|---|---|---|---|---|
| २ | भिम बहादुर पहाडी | १ | २५०० | २०७९।०९।०१ | १५००० | असारको | २५०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | टंक बहादुर राई | २ | ४००० | २०७९।०८।०१ | २४००० | जेष्ठ र असारको | ८००० |
| ४ | देवेन्द्र दर्जि | १ | २००० | २०७९।०८।०१ | ८४०० | मिति २०८०।०१।०१ देखि राजु नेपालीलाई दिएको बहाल रकम प्राप्त नभएको | ६००० |
| ५ | कृष्ण बहादुर दर्जि | १ | २००० | २०७९।०८।०१ | | भक्लानी हुन बाँकी | १६००० |
| ६ | मदन वि.क. | १ | २००० | २०७९।०८।०१ | | भक्लानी हुन बाँकी | १६००० |
| ८ | विनोद कुमार दर्नाल | २ | ४००० | २०७९।१०।१५ | | भुक्तानी हुन बाँकी | २२००० |
| जम्मा | | ८ | | | ४७४०० | | 70500 |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७०,५०० |

२४ **सामुदायीक वनको आय —** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२(ख)१ अनुसार सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धि आफ्नो वार्षिक कार्य योजना बनाई सम्बन्धित स्थानीय तहबाट स्वीकृति गराउनुपर्ने र उक्त कार्य योजना अनुसार वन पैदावारको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिका अन्तर्गत सामुदायिक वन जम्मा १९ मध्ये २ को आ व २०७९।८० मा र ५ वटाको २०८०।८१मा समेत ७ वटाको मात्र आर्थिक वर्षको आय प्राप्त भएको जनाएको छ । पालिका भित्र रहेका सामुदायिक वनहरुवाट वार्षिक कार्ययोजना पेश गराई सो अनुसारको वन पैदावारको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम पालिकामा दाखिला गराउने तर्फ पालिकाको ध्यानाकर्षण हुन पर्ने देखियो ।

२५ **अमानतबाट नदीजन्य पदार्थ सङ्कलन —** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा सरकारी नगदी १० दिन भन्दा ढिलो दाखिला गरेकोमा १० प्रतिशतका दरले जरिबाना लाग्ने व्यवस्था छ। मिक्लाजुङ गाउँपालिका, मोरङको ७ नाकाबाट नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवाको सङ्कलन र बिक्री गर्नको लागि आव्हान गरेको बोलपत्र अनुसार ठेक्का व्यवस्था नभएकोले निश्चित तलव दिनेगरी अमानतबाट नदीजन्य पदार्थ सङ्कलन तथा बिक्रीको लागि ७ जनालाई अनुमति दिई आन्तरिक आय असुल गरेकोमा निम्न नाकाबाट उठाएको राजस्व ढिला दाखिला गरेकोले १० प्रतिसत व्याज सहित असुल गर्नुपर्दछ ।

| **सिनं** | **योजनाकाकोनाम** | **सम्बन्धितव्यक्ति** | **रसिदकाटेकोमा उठ्नुपर्ने रकम** | **उठेकोरकम** | **तलबकट्टी(१५% )** | **ढिलोदाखिला** | **10% जरिवाना** |
|---|---|---|---|---|---|---|---|
| 1 | धानखेतीनाका | अजित कुमार लिम्बु/मंगलसिह लिम्बु | 2584106.14 | 1290814.13 | २७०००० | 1023292.01 | 102329.201 |
| 2 | माने नाका | दिपक बन्जारा /निकिता मगर | 2089094.96 | 719950.92 | २४०००० | 1129144.04 | 112914.404 |
| 3 | भट्टीपुछार | अभिसेक श्रेष्ठ/बरदान थापा/बिरेन उदास | 2815380.69 | 2072155.60 | ३६०००० | 383225.09 | 38322.509 |
| 4 | मावा पुलनाका | आशिकघिमिरे | 335192.36 | 145808.56 | १२०००० | 69383.80 | 6938.38 |
| 5 | तोरीबारीनाका | दिपेन्द्रराज राई | 197165.00 | 27533.63 | १००००० | 69631.37 | 6963.137 |
| 6 | लालमाटीनाका | मुलक सिहंतामाङ | 80685.96 | 31843.00 | ४०००० | 8842.96 | 884.296 |
| 7 | मलामी टहरानाका | बरदानथापा/बिकेक | 883235.69 | 400000.00 | १००००० | 383235.69 | 38323.569 |
| 8 | भट्टी पुछार | सुसन खड्का | 475975.96 | 0.00 | १००००० | 375975.96 | 37597.596 |
| **कुल जम्मा** | | | 9460836.76 | 4688105.84 | 1330000.00 | 3442730.92 | 344273.092 |
| | | | | | | असुल गर्नुपर्ने | ३,४४,२७३ |

२६ **कानूनी सल्लाहकार** — स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन,२०७५ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड बनाई यस्तो खर्च लेख्ने उल्लेख गरे तापनि सो अनुसार मापदण्ड बनाएको देखिएन ।पालिकाले यस वर्ष २ जना कानूनी सल्लाहकार नियुक्त गरी मासिक रु ३२९०२ का दरले बार्षिक रु ७८९९४८ पारिश्रमिक भुक्तानी दिएको छ ।सल्लाहकार नियुक्ति गर्दा स्पष्ट कार्य विवरण तयार गरी सोको मुल्याङ्कनको आधारमा भुक्तानी दिने व्यवस्था गर्नुपर्दछ।

२७ **अन्य निकायको खर्च** — पालिकाले आफ्नो छेत्रमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानहरुको खर्च व्यहोर्नु पर्ने अवस्था भएमा उक्त कार्यालयको तालुक मन्त्रालयबाट स्विकृती प्राप्त गरे पछी मात्र खर्च व्यहोर्नु पर्दछ। पालिकाले इलाका प्रहरी कार्यालय मधुमल्ला, प्रहरी चौकी टाढी र सुरक्षा बेस क्याप्प रमितेलाई इन्धन, गाडी मर्मत तथा मोटरसाइकल मर्मतमा रु ६००००० भुक्तानी दिएको छ ।अन्य सरकारी कार्यालयहरुको खर्च तालुक मन्त्रालयको स्वीकृती बेगर पालिकाबाट खर्च गरिएको रकम दोहोरो भए नभएको एकिन गर्न सकिएन । यसरी खर्च गर्दा पालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा समेत असर पर्ने देखिन्छ । यसरी छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका कार्यालय तथा संघसस्थाहरुलाइ विभिन्न कामको भुक्तानी रकम नियमसम्मत देखिएन ।

| | |
|---|---|
| अनियमित भएको | ६,००,००० |

२८ **करार कर्मचारी सञ्चयकोष** — नेपालको संविधान २०७२ को धारा २२७ मा पालिकाको कर्मचारी र कार्यालय सम्बन्धि अन्य व्यवस्था प्रदेश कानुन बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ । प्रदेश नं. १ मा स्थानीय तहमा कर्मचारीको व्यवस्थापन सम्बन्धि प्रदेश कानुन स्वीकृत भई लागु भएको पाइएन । नेपाल सरकार, मन्त्री परिषद्को २०७४।१।२१ को निर्णयानुसार कार्यालयको स्वीकृत दरबन्दी भित्र करारमा रहेका कर्मचारीहरुलाई प्रदान गर्ने सुविधा सम्बन्धी व्यवस्थामा करारमा कार्यरत कर्मचारीहरुलाई सञ्चयकोष कट्टी गरी थप गर्ने व्यवस्था रहेको देखिंदैन। यस पालिकाले कार्यपालिका बैठकको निर्णयको आधारमा अस्थाई तथा करार कर्मचारीको मासिक तलबबाट आधारभुत तलवमानको १० प्रतिशत बराबरको रकम मासिक कट्टी गरी सोहि वरावरको रकम

कार्यालयको तर्फ बाट थप गरी सञ्चयकोषमा जम्मा गरिने व्यवस्था गरेको पाइयो । सोहि निर्णयको आधारमा यो वर्ष पालिकाले अस्थायी र करार तर्फ का २७ जना कर्मचारीको लागि सञ्चयकोष वापत रु. ६६०२०४/-थप खर्च गरेको छ। यसरी ऐन कानूनमा व्यवस्था नभएको सेवा सुविधा प्रदान गरी खर्च गरेको रकम पालिकालाई थप व्ययभार पर्न गएको रकम असुल गर्नुपर्दछ ।

| | |
|---|---|
| अनियमित भएको | ६,६०,२०४ |

२९ **बढी तलव भुक्तानी** — गाउँपालिक अन्तर्गत स्वास्थ तर्फ कार्यरत कर्मचारी श्री पुष्पलाल सापकोटाको तलव भुक्तानीमा श्रावण १५ गते देखि सातौं तहमा वृद्धि भएको र भाद्र १५ मा अवकाश भएको हुँदा श्रावण १५ सम्मको छैटौं तहले हुन आउने रकम तलव स्केल रु २१८४४.५०।०० र ग्रेड रु ५८२४।०० गरी जम्मा रु २७६६८.४० र श्रावण १६ देखि भाद्र १५ सम्मको सातौं तहको तलव स्केल रु ४५८५१।०० र ग्रेड रु १२२२४।०० जम्मा रु ५८०७५।०० गरी श्रावण र भाद्रको जम्मा ग्रेड सहितको रकम रु ८५७४३.५०।०० भुक्तानी हुनुपर्दछ। तर कार्यालयले ग्रेड सहित तलव भुक्तानी रु १८०५०२।०० गरेको छ । ग्रेड सहित बढी तलव भुक्तानी रकम रु ९४७५८.५।०० र बढी संचयकोष थप रकम रु ९४७५.८५ गरी जम्मा रु १०४२३४.३५ रकम असुल गर्नु पर्ने रु उक्त अवधिको तलव भुक्तानी गर्दा रु १८०५०२।०० भुक्तानी बढी भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०४,२३४.३५ |

३० **पदाधिकारी सुविधा** — भ्रमण खर्च नियमावली २०६४ को नियम ३ मा भ्रमण आदेश वा निर्णय विना भ्रमण खर्च गर्ने गरी भ्रमण गर्न वा काजमा जान हुदैन भने उल्लेख छ भने नियम १८मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछी नियम अनुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बील भरी भ्रमण प्रतिवेदन साथ आवश्यक बील भपाई सम्बन्धित कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था छ । कार्यालयको कामको लागी अध्यक्ष र उपाध्यक्ष मिति २०७९।८।२३ देखी ८।२९ सम्म ७ दिनको लागी काठमण्डौ डेलीगेशन गई फर्किए पछि नियम अनुसारको भ्रमण बील तथा भ्रमण प्रतिवेदन पेश गरेको पाइएन । सरकारी गाडी प्रयोग गरी इन्धन रु ११००० खर्च गरेको अवस्थामा निजहरुले पाउने दैनिक भ्रमण भत्ता ६.२५ दिनको रु २०००० र इन्धन

रु ११००० समेत रु ३१००० मात्र हुन आउछ ।नियम भन्दा बढी भुक्तानी भएको नियमसम्मत देखिएन ।

| | |
|---|---|
| अनियमित भएको | १,४८,८६७ |

३१ **इन्धन खर्च** – सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ को दफा नं. ३ (२) मा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्ति सरकारी कामको सिलसिलामा खर्च गर्दा कार्यालय सामान, मसलन्द, पानी, बिजुली, इन्धन जस्ता खर्चमा मितव्ययीता कायम हुने गरी खर्च गर्नु पर्ने उल्लेख छ । त्यसैगरी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष कार्यालय प्रयोजनार्थ रु. ५३०००००/- र बडा कार्यालय चालु अनुदानतर्फ समेत इन्धनका बिल भर्पाई पेश गरी रु. ६३३०००/- गरी कुल रु.५९३३०००/- इन्धन खर्च गरेको छ । कार्यालयले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन ।इन्धनमा भएको खर्चको वास्तविकता यकिन गरी असुल फछ्र्यौट गर्नुपर्दछ । अतः इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको छ।

३२ **भुक्तानी दिन बाँकी** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (२) अनुसार कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने व्यवस्था उल्लेख छ । सोही नियमावलीको ३९(१५) अनुसार दायित्व सिर्जना भई भुक्तानी दिन बाँकी विवरणमा समावेश मध्ये तलव, भत्ता, घर भाडा, सरुवा भ्रमण खर्च, पोषाक, रासन, खाद्यान्न, सिधा, औषधी उपचार खर्च, सेवा निवृत्त सुविधा, स्वीकृत वार्षिक कार्यक्रम अनुसार सम्झौता भएका खर्चहरुमात्र भुक्तानी दिन मिल्ने उल्लेख छ ।पालिकाले भुक्तानी दिन बाँकीको विवरण (म.ले.प. फारम नं २२१) नगर सभाबाट परित गरेर मात्र अर्को वर्ष भुक्तानी गर्नुपर्नेमा सो नगरी यस वर्ष रु १७१६८०० भुक्तानी दिएको पाइयो । नियमावलीमा भएको

व्यवस्था बमोजिम नगर सभाबाट भुक्तानी दिन बाँकी विवरण प्रमाणित नगरी गत वर्षको भुक्तानी दिएको रकम नियमसम्मत देखिएन ।

| भौ.नं मिति | विवरण | रकम |
|---|---|---|
| ५-५।२० | दैनिक भ्रमण भत्ता | १९८०० |
| ३१८-१०।१० | कालिका माविको इन्टरएक्टिभ बोर्ड क्यामेरा जडान वाइरिङ्ग लगायत | ७९५००० |
| | **जम्मा** | **८१४८००** |

| | |
|---|---|
| अनियमित भएको | ८,१४,८०० |

३३ **कृषि अनुदान** — आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(छ) मा अधिकार प्राप्त अधिकारीले सरकारी खर्च गर्दा उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । कार्यालयले नवरत्न डेरी कृषि तथा पशुपालन केन्द्र वाट होलस्टेन जातको कोरली गाई १४ वटा रु ३००००० को खरिद गरको छ।१४ जना किसानलाई भरपाईगरी अनुदान दिएको देखियो । कृषि कार्यक्रम अन्तर्गत अनुदान वितरण कार्यकोलागि सुचना प्रकाशन, प्रस्ताव दर्ता, फर्म छनौट तथा सम्झौताको आधारमा अनुदन दिनुपर्नेमा सो गरेको नदेखिएकोले अनुदान रकम नियमसम्मत देखिएन ।

| | |
|---|---|
| अनियमित भएको | ३,००,००० |

३४ **प्राविधिक तथा उच्च शिक्षा** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज) मा आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय तहको अधिकार हुने उल्लेख छ। नेपालको संविधानको अनुसूची-६ मा उच्च शिक्षासम्बन्धी अधिकार प्रदेश सरकारको हुने उल्लेख छ। ३६६, र ६३२ लगायतका गो भौ नं बाट गाउँपालिकाले प्राविधिक तथा उच्च शिक्षा शिर्षकमा रु. २४ लाख विनियोजन गरी मिक्लाजुङ क्याम्पसलाई छात्रबृत्ती रकम रु १०१४०००।०० र कार्यक्षेत्र भन्दा वाहिरको धुलाबारी क्याम्पसलाई रु ८०००००।०० कार्यक्रमको लागि खर्च समेत जम्मा रु १८१४०००।०० खर्च लेखेको नियमसम्मत देखिएन ।

| | |
|---|---|
| अनियमित भएको | १८,१४,००० |

३५ **नाफामूलक संस्थालाई अनुदान —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष पालिकाले प्रदेश सरकारको कार्यक्रमबाट चुलाचुली महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई रु. ५०००००/- र बैकुण्ठे बचत तथा ऋण सहकारी संस्थालाइ रु. ५०००००/- समेत रु १००००००।०० अनुदान दिएको नियमसम्मत देखिएन ।

३६ **धान विंउ खरिद वेगर पकेट कार्यक्रम सञ्चालन —** पालिकाको स्वीकृत वार्षिक, नीति तथा कार्यक्रममा धान प्रवर्द्धन कार्यक्रम रहेको छ । पालिकाले यस कार्यक्रमका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको परियोजना म्यानुअल,२०७७ मा भएको प्रावधान अनुरुप कार्यक्रम संचालन गर्नुपर्दछ । परियोजना म्यानुअल,२०७७ अनुसार अनुदानको ६० प्रतिशत रकम धान विंउ खरिद तथा उत्पादन बृद्धिलगायतको खर्च गर्नु पर्ने उल्लेख छ । पालिकाले गरेको प्रस्ताव आव्हानको आधारमा धान उत्पादन प्रवर्द्धन कार्यकम अन्तर्गत नयाँ धानखेति पकेट विकास कार्यक्रमको रकम सयपत्री कृषक समुहलाइ रु ११५०००००।- पालिकाले व्यहोर्ने गरी ५० प्रतिशत साझेदारीमा आधारित रहने गरी कार्यक्रम सम्झौता भए बमोजिम भुक्तानी गर्दा धानको विउ खरिद वेगरको विल भरपाई संलग्न गरेको देखिएन । कृषि आधुनिकीकरण परियोजनाको परियोजना म्यानुअल,२०७७ प्रावधान विपरित हुनेगरी धानको विउ खरिद वेगर धानखेति पकेट विकास कार्यक्रमको रकम खर्च गरेको सम्वन्धमा सम्वन्धितलाई जिम्मेवार बनाई सयपत्री कृषक समुहबाट सो वापतको रकम फिर्ता असूल हुनुपर्दछ ।

संचालित धानखेति पकेट कार्यक्रमको लाभग्राही कृषक को हुने, ति लाभग्राही छनौटको मापदण्ड कस्तो हुने तथा कार्यक्रमको सिमाक्षेत्र कहाँ सम्म हुने सो सम्बन्धी विवरण खुल्ने आवश्यक निर्णय, टिप्पणी तथा कागजात पेश भएको देखिदैन । पचास प्रतिशत साझेदारीको रकम भुक्तानी गर्दा कृषकले व्यहोर्ने अंश पालिकामा जम्मा गरी पालिकाबाट एकमुष्ट रुपमा विउ तथा सामाग्रीको रकम भुक्तानी गर्नुपर्नेमा सहकारी संस्थाहरुले खरिद गरेका विल तथा सहकारीसंस्था रहेको वडा वाहेक अन्य वडाका किसान सूचिकरणमा नरहेका कृषकहरुलाई समेत वितरण गरेको भरपाइका आधारमा अनुदान दिएको देखिएको हुँदा वास्तविक कार्य क्षेत्रभित्र कार्यक्रम संचालन भए नभएको एवं लक्षित

समूहले लाभ प्राप्त गरे नगरेको एकिन गर्न नसकिएको हुँदा यस सम्बन्धमा पालिकाबाट थप प्रभावकारी अनुगमन एवं एकीन गरी नियमित गर्नुपर्दछ।

| | |
|---|---|
| अनियमित भएको | ११,५०,००० |

३७ **न्यानो झोला कार्यक्रम** — स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७९ मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष ११० थान रु ९८९४२।००मा खरिद गरेको छ। गत विगतको बाँकी रहेको २१ थान न्यानो झोलामध्ये पालिकाअन्तर्गतका बर्थिङ सेन्टरमा वितरणको लागि हस्तान्तरण गरेकोमा बर्थिङ सेन्टरबाट यस आ.व.मा प्रसूती भएका आमाहरुलाई न्यानो झोला वितरण गरी अझ ४५ थान बाँकी रहेको पालिकाबाट उपलब्ध भएको तथ्यांकबाट देखिन्छ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

३८ **प्रधानमन्त्री रोजगार कार्यक्रम** — स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वडामा १९ योजना सञ्चालन गरी यस वर्ष ७५ जनालाई औसत ८३ दिनले रोजगारी उपलव्ध गराई रु.३६००४८०।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन

रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

३९ **औषधि उपचार खर्च** — मृगौला प्रत्यारोपण, डायलाइसिस, मेरुदण्ड पक्षघात र क्यान्सर रोगीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने कार्यविधि, २०७८ बमोजिम यस वर्ष पालिकाले क्यान्सर रोगी ५१ जना, मृगौला प्रत्यारोपण तथा डाइलासिस गरेका १५जना र मेरुदण्ड पक्षघात ४ जना रोगी समेत ७० जनालाई जम्मा रु. ४०१००००।०० भुक्तानी दिएको देखिन्छ ।

४० **अभिलेख व्यवस्थापन** — स्थानियतहमा स्वास्थ सम्बन्धी कार्यक्रम सञ्चालन मार्गदर्शन ०७९/८० मा स्थानिय तहवाट संचालन भएका स्वास्थ कार्यक्रमको स्पष्ट रुपमा अभिलेख राखि प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था उल्लेख छ। कार्यालयले संचालन गरेका स्वास्थ सम्बन्धी कार्यक्रमहरुको अभिलेख तथा प्रगति प्रतिवेदन पुर्ण रुपमा नराखेकोले समयमा प्रतिवेदन पेश गर्ने तर्फ अभिलेख व्यवस्थापन गर्न तर्फ ध्यान दिनु पर्ने देखिन्छ।

४१ **अनुदानको अनुगमन** — स्थानिय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानिय योजना कार्यक्रमका रकम खर्च गर्दा कानुन, मापदणड, कार्यबविधि बनाइ सोही अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ । खर्च गरिएको रकमको सदुपयोग भए नभएको यकिन गर्ने अनुदान उपलब्ध गर्ने निकायले समय समयमा अनुगमन नियमन र प्रतिवेदन जस्ता कार्य गर्नुपर्दछ । तसर्थ अनुगमन कार्यलाइ प्रभावकारी बनाइ सघिय, प्रदेश तथा स्थानिय तहबाट वितरण हुने अनुदानमा दोहोरो नहुने गरी अनुदानग्रहीको जिवनस्तरमा सुधार आए नआएको यकिन गरी रकमको पुर्ण सदुपयोग गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| गो.भौ. मिति | अनुदान प्राप्त गर्नेको विवरण | भुक्तानी रकम |
|---|---|---|
| २९०/०८०/३/२३ | तरकारी पकेट समन्वय समिति | ५८०००० |
| ९८१/०८०/३/२१ | सम्निमा पारुहाङ कृषि फर्म | ३३०२६० |
| ९८१/०८०/३/२१ | मौरीपालक कृषक उपभोक्ता समुह | २३०२९९ |
| ५१२/०७९/१२/२२ | विभिन्न किसानहरु | २०५१४० |
| ९५९/०८०/३/१९ | विभिन्न किसानहरु | १९५८०२ |

४२ **कृषि पकेट** — शसर्त अनुदान अन्तर्गतप्राप्त रकमबाट कार्यक्रम संचालन गरी खर्च गर्दा तोकिएको नर्म्स अनुसार गर्नुपर्ने व्यवस्था गरेको छ । प्रधानमन्त्रि कृषि आधुनिकीकरण परियोजना अन्तरगत पालिकाले बिभिन्न कृषि पकेट विकास कार्यक्रमहरु सञ्चालन गरेको छ । ती पकेट विकास कार्यक्रमहरु अन्तरगत अनुदान प्राप्त कृषक वा कृषक समूह छनौट गर्दा इच्छुक सबैले समान सहभागिताको अवसर प्राप्त गरे नगरेको सम्बन्धमा कार्यालयले अध्ययन बिश्लेषण र मूल्यांकन गरेको देखिएन । यसरी नगरपालिका शसर्त अनुदानबाटभए गरेका कामको मुल्यांकन र अनुदान वितरणबाट रोजगारी, उत्पादकत्व, राजस्व योगदान र नमुना तथा उत्प्रेरणाको कार्य भए नभएको सम्बन्धमा समिक्षा गरेको पाइएन। साथै स्थानीय तहबाटअनुदान प्राप्त गर्ने कृषकको नाम नामेसि सहितको अभिलेख अध्याविधक गरी एउटै समूह, संस्था वा व्यक्तिले पटक पटक अनुदान प्राप्त गर्ने अवस्था तर्फ सचेत हुनु पर्ने देखिन्छ ।

४३ **कार्यक्रमको अनुगमन मूल्यांकन नगरी अनुदान उपलब्ध गराएको** — प्रधानमन्त्री कृषि आधुनिकिकरणपरियोजना कार्यान्वयन म्यानुअल को परिच्छेद ४ वुदा ४.१.४ मा पकेट क्षेत्र निर्धारणकोलागी क्षेत्रनिर्धारण गरिएको छ । तथा वुदाँ नं ४.१.१३ मा स्थानिय तहले अनुगमन मूल्यांकन गर्नुपर्ने व्यवस्थारहेको छ । पालिकाले आ.व २०७९/८० मा कार्यान्वयन भएको योजनाको उत्पादन, प्रभावकारीताजस्ता पक्षको मूल्यांकन गरेर उपयुक्त भएमा थप अनुदान उपलब्ध गराउनुपर्ने मा अनुगमन मूल्यांकननगरी कृषक संग सम्झौता भएको छ जसले गर्दा उक्त कार्यक्रम निरन्तर संचालन गर्नु प्रभावकारी छभनी एकिन गर्न सकिएन । अत पालिकाले कार्यक्रम निरन्तरता गर्दा कार्यक्रमको समग्र पक्षको मूल्यांकन गरेर प्रभावकारी भएमा मात्र थप अनुदान उपलब्ध गराउनुपर्दछ

४४ **औषधि व्यवस्थापन** — यस कार्यालयबाट खरिद भएका५ प्रकारका औषधिको प्राप्ती, उपयोग र मौज्दातको स्थितिको परीक्षण गर्दा देखिएको व्यहोरा देहायबमोजिम रहेको छ ।

| औषधिको नाम | गत वर्षको मौज्दात | पालिकाबाट खरिद | स्वास्थ्य कार्यालयबा प्राप्त | जम्मा आम्दानी | खर्च | बाँकी मौज्दात |
|---|---|---|---|---|---|---|
| Tab paracetamol 500mg | ४५०० | १८०००० | १९००० | २४४००० | २३३२०० | १०८०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| Tab amoxycillin 500mg | ५०० | ४०००० | ११००० | ५१५०० | ४३७०० | ७८०० |
| Tab albendazole 400mg | ७४०० | ० | ४११०० | ४८५०० | ४११०० | ७४०० |
| Tab feerous sulfate | ५०० | १२०००० | १०००० | १३०५०० | ११७००० | १३५०० |
| Tab ranitidine150 mg | ५०० | ८०००० | १०००० | ९०५०० | ८२२०० | ८३०० |

औषधिको मौज्दात प्रणाली स्तरीय हुन सो को प्राप्ती र निकासा विच सन्तुलन कायम रहनु पर्दछ । Authorized stock level, Emergency order point औषधि प्राप्त हुने समय, Load time maximum consumption आइटम, Minimum Consumption आइटमको आधारमा खरिद प्राप्ति एवं मौज्दात अवस्थाको निर्धारण गर्नुपर्नेमा गरेको छैन । आवश्यकताको आधारमा खरिद र प्राप्ति प्रकृया निर्धारण नगरेको हुँदा मौज्दातको अवस्था अधिकतम रुपले त्रुटि एवं बढी समेत देखिन सक्छ । साथै मौज्दातमा अधिक औषधि रहँदा म्याद समाप्त हुन सक्ने र सेवा प्रवाहमा असर हुने सम्भावना रहेकोले औषधिको माग पहिचान गरी खरिद र खर्च विच सन्तुलन कायम गर्न पर्दछ भने Pushing system लाई निरुत्साहित गरी जनतालाई निशुल्क स्वास्थ्य सेवा पुर्‍याउने तर्फ ध्यान दिनुपर्दछ ।

४५ **दिवा खाजा** – कार्यक्रम कार्यान्वन पुस्तिका २०८९।०८० अनुसार स्थानीय तहले विद्यालयमा प्रत्यक्ष कक्षा संचालनमा रहेका दिनका लागि मात्र सामुदायिक विद्यालयमा प्रारम्भिक वाल विकास कक्षा देखि कक्षा ६ सम्म अध्ययनरत वालबालिकाहरुका लागि उपलव्ध गराउन विद्यालयगत तथ्यांकका आधारमा प्रतिविद्यार्थी दैनिक रु १५ का दरले १८० दिनका लागि विद्यालय संचालन भएको दिनलाई मात्र आधार मानेर अनुदान व्यवस्था मिलाउने । स्थानीय तहले दिवा खाजामा उपलव्ध गराईएका विद्यार्थीहरुको दैनिक हाजिर पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विव्यास अध्यक्षबाट प्रमाणीत गराई स्थानीय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउने तेश्रो त्रैमासिकको निकासा गर्दा पहिलो र दोश्रो त्रैमासिकमा निकासा भएको रकम सदुपयोगको सुनिश्चित गर्ने । सबै विद्यालयका प्रधानाध्यापकहरुको बैठक राखी रहेको दिवा खाजा व्यवस्थापन पुस्तिका २०७७ जानकारी गराउने र सम्भव भए सम्म स्थानीय तहभित्रका सबै विद्यालयहरुमा एकै किसिमको मेनु व्यवस्थापनमा सहजिकरण गर्ने व्यवस्था रहेको छ।

पालिकाले यसवर्ष दिवा खाजा वापत ३८ विद्यालयलाई रु 7232438।०० भुक्तानी दिएको छ । पालिकाले दिवा खाजाको मेनुमा एकरुपता तथा खर्चको सदुपयोगको सम्बन्धमा पालिकाबाट अनुगमन भएको देखिएन ।

४६ **विद्यालय अनुगमन** — स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वौकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धि व्यवस्था गरेको छ । पालिकाले विद्यालयको अनुगमन सम्बन्धि मापदण्ड निर्धारण गरेको छैन र आफ्नो मादहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरेको देखिएन । कार्यालयले अनुगमन सम्बन्धि निश्चित मापदण्ड तयार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने शिक्षण संस्थाहरुको शिक्षण सिकाइ प्रभावकारी वनाउन तथा शैक्षिक गुणस्तर बृद्धि गर्न नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्थापन गर्नु पर्दछ ।

४७ **शिक्षण सिकाई अनुदानकार्यक्रम**

..........प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२ को निर्णयबाट जलेश्वरी आ वि मिक्लाजुङ को ८९,०९०।-, रानिपोखरी आ वि मिक्लाजुङ को ८९,०९०।-, सिंहदेवी आ वि मिक्लाजुङ को ८९,०९०।- र बहुमुखी आ वि मिक्लाजुङ को ८९,०९०।- समेत रु ३५६३६०।- सम्परीक्षण गरिएको ।

४८ **सेनिटरी प्याड** — सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको सेनिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा सेनिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १६७३ जना रहेका छन। पालिकाले १२४७५ थान सेनिटरी प्याड रु.९९७९०८ (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद

गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

४९ **अनुगमन प्रतिवेदन**

.......... प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१।३ को निर्णयबाट श्री भगवती माध्यमिक विद्यालय को ६५०,००० ।- सम्परीक्षण गरिएको ।

५० **शिक्षक दरबन्दी र पदपुर्ति** – स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३८ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

| विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार/राहत | विद्यार्थी संख्या |
|---|---|---|---|---|
| विभिन्न २१ विद्यालय | २१९ | २१९ | ४१ | ५९४९ |

५१ **छात्रवृति वितरण कार्यक्रम** – कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७९।८० को क्रियाकलाप नं २.८.४ माउल्लेखित आवासीय एवम् गैर आवासीय छात्रवृति प्राप्त गर्ने सङ्ख्या यकिन गरी तोकिएको दरअनुसार शीर्षक खोली स्थानीय तहमा बजेट माग गर्ने तथा छात्रवृति अनुदान प्राप्त विद्यालयकोविव्यसले स्थानीय तहको निर्देशन एवम् आधारहरुलाई ध्यानमा राखी शिक्षक, शिक्षक अभिभावकसङ्घ समेतको सहभागितामा विद्यालयमा उपलब्ध अनुदान(छात्रवृति) मध्येबाट विद्यालयव्यवस्थापन समितिले थप आधारहरु तय गरी छात्रवृति पाउने छात्रछात्राहरुको नामवालीसहितकोविवरण अधावधिक गर्ने तथा सो नामावली विद्यालयको सूचना पाटीमा अनिवार्य रुपमा टाँस्नलगाई सोही अनुरुप छात्रवृति वितरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न भौचर नं. वाट रु९११८००।०० रकम छात्रवृतिका लागि ३८ विद्यालयको नाममा निकासा पठाएको छ। पालिकाबाट प्रभावकारी ढंगले अनुगमन गरी सम्बन्धित विद्यार्थीहरुले तोकिएकोछात्रवृति पाए नपाएको यकिन गर्नुपर्छ।

५२ **निशुल्क पाठ्यपुस्तक** — कक्षागत र विषयगत पाठ्यपुस्तकको सङ्ख्या यकिन गर्ने तथा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० कालागि तेस्रो त्रैमासिक भित्र अनुदान दिने व्यवस्था छ । साथै यसरी अनुदान दिँदा पहिलो पटकमाविद्यार्थी सङ्ख्याको ७५ प्रतिशत लाई मात्र अनुदान दिने तथा शैक्षिक सत्रमा भएको नयाँविद्यालय भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरीनपुग हुने रकम मात्र दोश्रो पटक अनुदान दिने व्यवस्था छ । पालिकाले पहिलो पटक निकासा रु२५९८८३१ ।०० विभिन्न३८ विद्यालयको नाममा पठाएको छ । दोस्रो पटक निकासा गर्दा शैक्षिक सत्रमा भएको नयाँविद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको भरपाईको आधारमा यकिन गरेरमात्र निकासा दिनु पर्नेमा यकिननै नगरी विद्यालयहरुको नाममा पाठ्यपुस्तकको लागि रु ७४४१८५।०० निकासागरिएको छ। पाठ्यपुस्तक खरिद गरी IEMIS प्रणालीमा व्यवस्थितविद्यार्थीहरुलाई वितरण गरे नगरेको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन गरिनुपर्दछ ।

५३ **तोकिएको कार्यक्रममा खर्च नभएको**

.......... प्रारम्भिक प्रतिवेदन उपर नियमित गरी प्रमाण पेश भएको आधारमा मिति २०८१।१।३ को निर्णयबाट गाउपालिका को ४५,९९९ ।- सम्परीक्षण गरिएको ।

५४ **मधुमल्ला क्याम्पसलाई भुक्तानी** — नेपालको संविधान २०७२ को धारा ५७ को उपधारा ४ धारा २१४को उपधारा २ धारा २२१ को उपधारा २ र धारा २२६को उपधारा १ मा भएको व्यवस्था अनुसार गाँउपालिकालाई उच्च मा.वि. संचालन गर्ने अधिकार अर्न्तगत पर्देन । पालिकाले प्रविधिक तथा उच्च शिक्षा शिर्षक अर्न्तगत मधुमल्ला क्याम्पसलाई डलिगेशन खर्च, विद्युत खर्च, सूचना प्रकाशन, धुलावारी क्याम्पसलाई सम्वन्धन खर्च, भ्रमण खर्च, छात्रबृती लगायतमा रु ४२६४८०० खर्च गरेको पाइयो । उच्च शिक्षा प्रदेश सरकारको अधिकार क्षेत्र रहेकोमा पालिकाले खर्च गर्ने कार्य नियमसम्मत देखिएन ।

| | |
|---|---|
| अनियमित भएको | ४२,६४,८०० |

५५ **राष्ट्रपति रनिङ्ग सिल्ड**

५५.१ राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता मिति २०७९ फागुन ६ देखि ८ सम्म मनोहर जनता मावी मधुमल्ला मा संचालन भई शाअ काशिनाथ खनाल लाई रु ४४०२८९ सोधभर्ना भुक्तानी भएकोमा देहाय अनुसार पाइयो ।

१ पालिकाले खेलकुद संचालन सम्बन्धि मापदण्ड तथा निर्देशिका तयार गरेको पाइएन ।निर्देशिक नवनाई भुक्तानी भएको पूर्वतयारी पारीश्रमिक रु ६००० र प्रतिवेदन तयारी पारिश्रमिक रु ५००० समेत जम्मा रु ११०००।०० भुक्तानी दिनु नियमसम्मत देखिएन ।

| | |
|---|---|
| अनियमित भएको | ११,००० |

५५.२ खर्च गर्दा नर्म्स तथा निर्देशिक बमोजिम गर्नु पर्दछ ।राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगीता संचालनमा खेल खेलाउने एथलेटिक्स अफिसियल पारिश्रमिक रु २१०० का दरले ४ दिनको रु ६३००० र भलिवल खेल रेफ्रि पारिश्रमिक रु१८९००।०० भुक्तानी भएकोमा सो को नर्म्स तथा निर्देशिका पेश हुनुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८१,९०० |

## ५६ लोकसेवा तयारी कक्षा

५६.१ लोकसेवा तयरी कक्षा संचालन मिति २०७९।९।७ देखी २०७९।१०।२० सम्म संचालन गरी वातावरण संरक्षण तथा सामाजिक रुपान्तरण समाजलाई रु २९४९३० भुक्तानी भएकोमा देहाय अनुसार देखिन्छ ।

५६.२ कोशी प्रदेश सार्वजनिक खर्चको मापदण्ड र मितव्यिता सम्बन्धि निर्देशिका २०७९ को अनुसार तालिम संचालनको प्रचार प्रसारको व्यवस्था भएको देखिदैन । तालिम संचालनको प्रचार प्रसार वापत रु ५०००।०० भुक्तानी भएको नियमसम्मत देखिएन ।

| | |
|---|---|
| अनियमित भएको | ५,००० |

५६.३ कोशी प्रदेश सार्वजनिक खर्चको मापदण्ड र मितव्यिता सम्बन्धि निर्देशिका २०७९ को बुदा ६को ५ मा विशिष्ट व्यत्तिहरुलाई यस्ता समारोहमा आमन्त्रण गरिएको अवस्थामा खाजा खान खर्च वापत

एक मुष्ट रु २००० खर्च गर्न सकिने तर विशिष्ट व्यत्तिहरुको उपस्थिति भएको प्रमाणीत हुनु पर्ने उल्लेख छ ।यस तालिममा सहभागीहरुलाई ३० दिनको चिया खाजा वापत बेग्लै खर्च भएकोमा उदघाटन र समापनमा थप रु ४००० खर्च गर्न सकिनेमा रु २१००० खर्च लेखेको असुल हुनुपर्ने देखिन्छ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,००० |

५६.४ अनुगमन वापत रु ५००० खर्च लेखेकोमा अनुगमनको प्रमाण पेश गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००० |

५६.५ कोशी प्रदेश सार्वजनिक खर्चको मापदण्ड र मितव्यिता सम्बन्धि निर्देशिका २०७९ मा स्वास्थ उपचार खर्चको व्यवस्था रहेको छैन। निर्देशिकामा उल्लेख नभएको खर्च असुल हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,००० |

## ५७ अध्यक्ष कप रनिङ्ग शिल्ड

५७.१ अध्यक्ष कप रनिङ्ग शिल्ड प्रतियोगीता संचालन गरी शाअ काशिनाथ खनालको रु ४००००० पेश्की फछ्यौंट गरी रु ४५८८०५३ भुक्तानी भएकोमा देहाय अनुसार पाइयो।
खर्च गर्दा नर्म्स तथा निर्देशिक बमोजिम गर्नु पर्दछ । अध्यक्ष कप रनिङ्ग शिल्ड प्रतियोगीता संचालनमा खेल खेलाउने रेफ्री तथा लायन्स म्यान ४ जनालाई रु २५०० का दरले ९ दिनको रु ९०००० भुक्तानी भएकोमा सो को नर्म्स तथा निर्देशिका पेश हुनुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९०,००० |

५७.२ विजेता वार्ड नं.२ लाई रु १०१००० र उप विजेता वार्ड नं. ४ लाई रु ५१००० खर्च लेखेकोमा उत्त रकम कसले प्राप्त गर्ने हो निर्णय पेश भएको पाइएन। वडा अध्यक्षलाई भुक्तानी भएकोमा उत्त रकम खेलाडीलाई वितरण गर्ने वा क्लवको खातामा रहने हो वा वडाको आम्दानी सो को प्रमाण पेश हुनुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५२,००० |

५८ **खेलकुद कार्यक्रम** — वार्ड नं ५ को खेलकुद कार्यक्रमबाट जेसिवी मेशिन लगाई खेल मैदान सम्याउने कार्य गरी रु ९७००० रिसल हाउजिङ्ग प्रालिलाई भुक्तानी गरेकोमा सो कार्यक्रम पालिकाबाट निर्णय गराइ परिषदबाट स्विकृत लिएको नदेखिएको खर्च नियमसम्मत देखिएन ।

| | |
|---|---|
| अनियमित भएको | ९७,००० |

५९ **प्रमाण पेश नभएको**

.......... प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१।३ को निर्णयबाट देवकोटा मावि को ४०,०२५ ।- सम्परीक्षण गरिएको ।

६० **पुल तथा फाजिल कर्मचारी** — कोशी प्रदेश निजामति सेवा ऐन २०७९को परिच्छेद ३ अनुसार दरवन्दि बमोजिम पदपुर्ति हुनु पर्दछ ।पालिकाले अधिकृत छैठौं श्री नारायण श्रेष्ठलाई पुल दरवन्दिमा राखी रु ७५७२३७ र सहायक पाँचौ बविता बस्नेतलाई फाजिलमा राखी रु ५४१८१४ खर्च लेखेको पाइयो ।निजहरुलाई दरवन्दि भएको ठाउमा पद मिलान गरी समायोजन गर्नु पर्दछ ।दरबन्दि नभएको पदमा राखी खर्च लेखेको नियमसम्मत देखिएन ।

| | |
|---|---|
| अनियमित भएको | १२,९९,०५१ |

६१ **आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट देखिएको व्यहोरा**

**बिद्युत महशुल-**

.......... प्रारम्भिक प्रतिवेदन उपर नियमित गरी प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२ को निर्णयबाट देवकोटा मावि को १८,१८४ ।- सम्परीक्षण गरिएको ।

६२ **औषधी खरिद** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ (१) सार्वजनिक निकायले आपूर्ति गरिएका मालसमान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ। पालिकाले आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि पटक पटक गरी सोझै रु २४८६६९०।०० को औषधि खरिद गरेको छ। यसरी खरिद गरिएको औषधि कार्यालयबाट तोकीएको स्पेसिफिकेशन र गुणस्तर अनुसारकै भए नभएको सम्बन्धमा सम्बन्धित क्षेत्रको विज्ञ टोलीबाट निरीक्षण गराइ प्रतिवेदन समावेश गर्नु पर्नेमा गरेको देखिएन । साथै खरिद गरिएका औषधिमा निशुल्क वितरणको लागि उल्लेख भएको लोगो राख्नु पर्ने र पालिका वा अन्य निकायबाट प्राप्त भएको औषधिको आम्दानी खर्चको अभिलेख व्यवस्थित राख्ने तर्फ ध्यान दिनु पर्दछ।

६३ **सीप विकास तथा रोजगारी मुलक तालिम** – हरेक बर्ष लक्षित वर्गको लागि सीपमूलक तथा रोजगारीमूलक तालिमहरू संचालन हुने गरेकोमा हाल सम्म के कति जनाले कुन प्रकारका तालिम लिए, तालिमको उदेश्य अनुसार स्वरोजगार वा रोजगारी श्रृजना भएका छन कि छैनन, तालिम लिएका लाभग्राहीको सीप तथा क्षमता विकास भएर जीवन स्तरमा सुधार भै समुदायमा सकारात्मक परिवर्तन भएको छ की छैन भनी गाउपालिकाले अनुगमन गरी तालिममा भएको लागत खर्च र उपलब्धीको विश्लेषण गरी तालिम लिइ सकेका र लिनु पर्ने लक्षित बर्गको कुनै अभिलेख राखेको देखिएन ।कार्यालयले सिप विकास तथा रोजगार मुलक तालिममा रु १६२६४४३।०० खर्च गरेको छ । गाउपालिकाले श्रोत र साधन तथा लक्षित वर्गको लागि आवश्यकता भएको तालिमको पहिचान गरी तालिम कार्यक्रम राखेको देखिएन । गाउपालिकाले गत विगत बर्ष देखि एकै प्रकारका तालिमहरू एकै प्रकारका तालिम दाताहरूवाट संचालन गरी रहेकाले तालिमका सहभागिहरू एकै प्रकारको तालिममा दोहोरिएका वा एकै व्यक्तिले धेरै प्रकारका तालिममा सहभागीता जनाएका छन प्रष्ट हुने अभिलेख नदेखिएकोले कार्यक्रमवाट अपेक्षा अनुरूप प्रतिफल प्राप्त हुने विश्वस्त आधार देखिएन।

६४ **नर्म्स विपरित खर्च** – कोशी प्रदेश सार्वजनिक खर्चको मापदण्ड र मितव्यिता सम्बन्धि निर्देशिका २०७९ को बुदा ६ को ४ मा तालिम केन्द्र/प्रतिष्ठान बाहेक अन्य निकायबाट सञ्चालित सवै प्रकारका तालिममा कार्यालयका कर्मचारी स्रोतव्यत्ति/प्रशिक्षक अधिकृत स्तरको तालिम भएमा कार्यपत्र वापतको रु १२००.० मात्र पाउने र अन्य निकायका स्रोतव्यत्ति भएमा कार्यपत्र वापत रु

१२०० र कक्षा लिएवापत रु ८०० भुक्तानी गर्न सकिने नर्म्समा उल्लेख भएको भन्दा देहाय बमोजिम बढि भुक्तानी भएकोले असुल गर्नुपर्दछ ।

.......... प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२ को निर्णयबाट सुमिरा खतिवडा को रु ७,६५० ।- सम्परीक्षण गरिएको ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४३,५२० |

**(विस्तृत विवरण बेरूजु दफा ६४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६५ **सहभागी भत्ता** — कोशी प्रदेश सार्वजनिक खर्चको मापदण्ड र मितव्यिता सम्बन्धि निर्देशिका २०७९ को बुदा ७ को २ मा सहागी भत्ता दिने गरी स्विकृत भएको कार्यक्रममा सहभागीहरुलाई दैनिक खाने बस्ने खर्च वापत प्रति दिन रु ७०० दिन सकिने उल्लेख छ तर सहभागी आफ्नो घर वा बसोवास स्थलबाट दैनिक ओहोर दोहोर गर्न नभ्याइने वा २० किलो मिटर भन्दा बढी भई आवासको व्यवस्था गर्नु पर्नेमा मात्र खाने बस्ने खर्च गर्न पाइने उल्लेख छ ।पालिकाले देहायको तालिम संचालन गर्दा सहभागीहरु २० किलोमिटर भन्दा बढी दुरीबाट आउने जानेको विवरण पेश नगरी आवासको व्यवस्था गर्नु पर्ने नपर्ने व्याख्या र विश्लेषण नगरी भुक्तानी भएको सहभागी भत्ता नियम सम्मत नदेखिएको रु

| भौ.नं. मिति | विवरण | संख्या | रकम |
|---|---|---|---|
| ७७६-२।२३ | मध्यमकालीन खर्च संरचना सम्बन्धि ४ दिने प्रशिक्षण | २७ जनालाई रु १००० का दरले | १०८००० |
| | संस्थागत स्व मूल्याङ्कन ३ दिने तालिम | २९ जनालाई रु १००० का दरले | ८७००० |
| | | **जम्मा** | **१९५०००** |

| | |
|---|---|
| अनियमित भएको | १,९५,००० |

६६ **कृष्ण प्रसाद फाउण्डेसनको भवन निर्माण** — कार्यालयले स्वीकृत बजेट खर्च गर्दा बिल भरपाई संलग्न गरेर विभिन्न व्यक्ती तथा संघ संस्थालाई अनुदान दिदा सोको समुचित उपयोग भए नभएको कार्यालयले अनुगमन गरी सोको प्रतिवेदन संलग्न गर्नु पर्दछ । कृष्ण प्रसाद फाउण्डेसनको भवन निर्माण साझेदारी अन्तर्गतको भवनको कंक्रिट कार्य गरेको एक कन्ष्ट्रक्सन कम्पनिको कर विजक

तथा नापी किताव समेत संलग्न कन्ष्ट्रक्सन कम्पनिलाई भुक्तानी नदिई रु १४५५०००।०० फाउण्डेसनलाई भुक्तानी दिएको देखिएको छ । फाउण्डेसनको भवन निर्माण लागत मध्ये कुन कुन निकायले के कति कामको व्यहोर्ने हो सो को फाउण्डेसन को आधिकारिक निर्णय सहित हाल सम्मको भुक्तानीको अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,५५,००० |

६७ **च्याउ पकेट** – पालिका अन्तर्गत च्याउमा व्यवसायीकरण गराई रोजगरी सिर्जना गर्ने उदेश्य सहित संघीय सशर्त तर्फको कृषि च्याउ पकेट कार्यक्रमबाट रु १२लाख को नयाँ च्याउ पकेट विकास कार्यक्रमका लागि क्यामुने कृषक समूहलाई विउ सहित उत्पादन सामाग्रीको रु २३लाख ५० हजारको कार्य सम्पन्न प्रतिवेदनको आधारमा रु ११५००००।०० भुक्तानी दिएको देखियो ।लेखापरीक्षणको क्रमममा पालिकाको टोलीसहित अनुगमन गर्दा च्याउ उत्पादन भएको नदेखिएको र च्याउ उत्पादन गर्ने टहरा सहित उत्पादन सामाग्री समेत वेवारिसे अवस्थामा रहेको देखियो ।सम्पर्क व्यक्ति समेत उत्पादन स्थलमा रहेको देखिएन । कार्यक्रम शाखा प्रमुखले च्याउ सिजनल उत्पादन हुने हुनाले हिउदमा उत्पादन नभएकोले यस्तो अवस्था देखिएको जनाएको छ । १२००० पोका बिंउ खरिद गरी ६ टहरामा २००० का दरले १२००० पोकामा खेती गरी १८ जना कृषकले रोजगारी तथा लाभ लिईरहेको सम्वन्धमा आश्वस्त हुन सकिएन ।

६८ **पकेट विकास कार्यक्रम** – विषयगत ,शर्शत अनुदान अन्तर्गत प्राप्त रकमबाट कार्यक्रम संचालन गरी खर्च गर्दा तोकिएको नर्म्स तथा मापदण्ड अनुसार गर्नुपर्ने व्यवस्था छ । कार्यालयलाई संघ तथा प्रदेश सरकारबाट तोकिएका पकेट ब्लक जोन तथा सुपर जोनमा सञ्चालन हुने क्रियाकलापका लागि नेपाल सरकाले प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन म्यानुअलको परिच्छेद ४ मा साना व्यवसायिक उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सम्बन्धि व्यवस्था गरेको छ । पकेटमा कृषि, पशुपंक्षी, मत्स्य उत्पादन सामाग्रिको व्यवस्था, प्राविधिक सेवा प्रवाह, नविनतम कृषि प्रविधि को प्रसारबाट कृषि, पशुपंक्षी, मत्स्य उत्पादन तथा उतपादकत्व बृद्धि सम्बन्धि व्यवस्था गरेको छ । यस वर्ष पालिकाले कृषि पकेट विकास कार्यक्रम अन्तर्गत धानको विउ वितरण कार्यक्रम रहेकोमा गो भौ नं २२१।०७९।३।२१ बाट रञ्जित र बहुगुणी जातको धानको वीउँ चुलाचुलि कृषि भण्डार मधुमल्लाबाट रु ५८२४००।०० मा खरिद गरि विभिन्न वडाका किसानहरुलाई ३ देखि ४ किलोग्रमा का दरले वितरण गरेको भरपाई संलग्न छ । पालिकाले पकैट सञ्चालन गर्न

चाहने कृषक, उद्यमी, समूह, सहकारी तथा समितिलाई भौगौलिक तथा प्राविधिक सम्भाव्यताका आधारमा छनौट गरि कार्यक्रम सञ्चालन गर्नुपर्ने र म्यानुअलले तोकैको मापदण्ड तथा वीउँ विजन पकेट कार्यक्रममा तोकिएको लागत सहभागित समेत नगराई कार्यक्रम सञ्चालन गरिएकोले नियमसम्मत देखिएन ।

| | |
|---|---|
| अनियमित भएको | ५,८२,४०० |

६९ **नमूना विद्यालय अनुदान** — आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ मा आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको सशर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। नमूना विद्यालय अनुदान अन्तर्गत भौतिक निर्माण तर्फका लगायत तपशिलका विद्यालयका योजना यो वर्ष संघ सरकार तथा प्रदेश सरकारबाट प्राप्त शसर्त अनुदानमध्ये रू.८४७६६८१।०० अनुदानको रकम सम्बन्धित योजनामा खर्च नभएकोले सो रकम फिर्ता गर्नुपर्दछ ।

| आयजनाको नाम | स्रोत | विनियोजित रकम | हाल सम्मको खर्च रकम | खर्च नभई बाँकी रहेको फिर्ता गर्नु पर्ने रकम |
|---|---|---|---|---|
| भगवती मा वि भवन निर्माण | नेपाल सरकार शसर्त विशेष अनुदान | १२०००००० | ५८२३३१९ | ६१७६६८१ |
| नमूना विद्यालय भवन निर्माण मनोहर जनता मा वि | नेपाल सरकार शसर्त अनुदान | १०००००००० | ८८२४६०२ | ११००००० |
| मिक्लाजुङ्ग ब क्याम्पस पुस्ताकलय निर्माण | प्रदेश शसर्त अनुदान | ५००००० | ० | ५००००० |
| कालिका मा वि ४ कोठे भवन निर्माण | राष्ट्रिपति शैक्षिक सुधार | ४५००००० | ३७९९८१६ | ७००००० |
| | | | **जम्मा रु** | **८४७६६८१।००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८४,७६,६८१ |

७० **सुरक्षित नागरिक आवास** — सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को दफा ५ उपदफा ७ र ८ अनुसार सम्झौता भएका लाभग्राहीलाई पहिलो किस्ता बापत सम्बन्धित स्थानीय तहसँग सम्झौता भएपछि साठी प्रतिशत रकम उपलब्ध गराइने र दफा ८ मा निर्माण कार्य सम्पन्न भएको भनी सम्बन्धित स्थानीयतहको प्राविधिकबाट प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा सम्बन्धित स्थानीय तहबाट लाभग्राहीलाई दोश्रो तथा अन्तिम किस्ता बापत चालिस प्रतिशत अनुदान रकम उपलब्ध गराइने उल्लेख छ । यस पालिका अन्तर्गत आर्थिक बर्ष ०७९।०८० सम्मको लागि स्वीकृत कोटा मध्ये ३७६ लाभग्राहीले पहिलो किस्ता वापत रु३००००।०० दरले लगेकोमा ३३६ जनाले कार्य सम्पन्न प्रतिवेदन पेश गरी रु २००००।०० दरले भुक्तानी लिएकोमा लेखापरीक्षण अवधि सम्म ४० लाभग्राहीले कार्य सम्पन्न गरि दोश्रो किस्ता भुक्तानी लिएको देखिएन । कार्यविधिको दफा ६ मा जुन प्रयोजनका लागि अनुदान रकम उपलब्ध गराइएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाइएमा वा अनुदान उपलब्ध गराइएको मितिले तीन महिनाभित्र निर्माण कार्यको कार्य सम्पन्न नगरेमा लाभग्राहीबाट अनुदान रकम स्थानीय तहले असुल उपर गर्ने समेत व्यवस्था भएकोले कार्य सम्पन्न भए नभएकोमा कार्यविधिको व्यवस्था अनुसार पहिलो किस्ता लिएका ४० लाभग्राहीले रु १२०००००।०० अनुगमन गरि कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,००,००० |

७१ **अग्रिम कर**— आयकर ऐन २०५८ को दफा ८८ बमोजिम सेवा शुल्कमा १५ प्रतिशत अग्रिम कर कट्टा गर्नु पर्ने उल्लेख छ ।कार्यालयले अग्रसर युवा संजाललाई रु १००००० भुक्तानी भएकोमा सो फर्मले भ्याट विजक जारी नगरेकोले १५ प्रतिशत कट्टा गर्नु पर्नेमा १ प्रतिशत मात्र कट्टा गरेकोले नपुग कर असुल हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,५०० |

७२ **अधुरा आयोजना** — गाँउपालिका पुजीगत- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नुपर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष निम्न योजनाहरुको कार्य

सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ ।यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ।सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहेका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारी पूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

| योजनाको नाम | निर्माण व्यसायी वा उपभोक्ता समितिको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | सम्झौता रकम | यो बर्षसम्मको खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| Bhagawati School Building Construction | JB and Sons Consruction Birthamod -4 jhapa | 2079 पौष 20 | 2080 jestha 30 | 11815223.12 | 6,155,536.13 | 52.10 |
| Construction of Emergency ward in Madhumalla Hospital | Chandra tulasa Nirman Sewa | 2080 jestha 12 | २०८० कात्तिक मसान्तसम्म | 3982342.83 | | |
| Construction of Covered Hall in Ward No 7 | DJ nirmana Thatha Dhuwani sewa Letang-08 jante morang | 2079 असार २७ | 2080 मंसिर मसान्तसम्म | 7925383.22 | 2,483,777.17 | 31.34 |
| Construction of Rural Municipality Executive Office Building | Margavide/SAS/purwaanchal JV | 10/28/2077 | 2080 मंसिर मसान्तसम्म | 37342130.53 | 21,508,664.82 | 57.60 |
| Construction Of 10 bed hospital buildinjg in Miklajung Rural Municipality Morang | M/s LAMA-UNIVERSAL J/v | २०७८ आसार २२ | 2080 मंसिर मसान्तसम्म | 85894525.48 | 27,399,196.76 | 31.90 |
| Betani Simsar Sanrakchhan Paryatakiya Chhetra | Baniya trivani J/V | 4/29/2078 | 2080 मंसिर मसान्तसम्म | 37326122.46 | 11,599,734.00 | 31.08 |
| जम्मा | | | | 184285727.6 | 69146908.88 | |

७३ **हेभी इक्युपमेन्टको प्रयोग** — सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा कामको मुख्य उद्देश्य रोजगारी श्रृजना गर्ने भएमा उक्त काम उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ भने

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । पालिका अन्तर्गत सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका(नमुना छनौटका रुपमा हेरिएका केही योजना) उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।

| गो भा न | उपभोक्ता समितिको नाम | कामको विवरण | मुल्यौंकन | उपभोक्ता समितिलाई भुक्तानी | उपभोक्त समितले पेश गरेको मेशिन प्रयोगको मु.अ.कर बिल |
|---|---|---|---|---|---|
| ४० | सडक मर्मत सम्भार उपभोक्ता समिति | मर्मत कार्य | ६२८२६९ | ४८५००० | ६२९१८४ |
| ७० | साना किसान सहकारी देखि दुम्के सडक स्तरउन्नती उपभोक्ता समिति | मर्मत कार्य | ३८०८९६ | ३६६००० | ३८६१७७ |
| ९६ | जिते चोक कटहरे सुके आहाल बासबर्टे सडक मर्मत उ.स. | मर्मत कार्य | २५०८२१ | २४४००० | २५१५३८ |
| २३७ | आहले गोगने सडक निर्माण उपभोक्ता समिति | निर्माण कार्य | ६२५५४४ | ६१०५०० | ६२५५२२ |
| २५२ | वेतनी पुल देखि उर्लाबारी १ मदन मार्ग ग्राभेल तथा स्तरोन्नती उ.स. | निर्माण कार्य | २५०२६७ | १९४००० | २५१६१४ |
| २७२ | बर्खे मकरा खोलाङ्गा सडक मर्मत उपभोक्ता समिति | निर्माण कार्य | १२८१६२७ | १०१९१७८ | १२८४४०३ |
| **जम्मा** | | | ३४१७४२४ | २९१८६७८ | ३४२८४३८ |

७४ **जटिल संरचना निर्माण** — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर.सि.सी., फ्रेमस्ट्रक्चर सहित काभवन, पुल, कल्भर्ट, ओभरहेडटंकी,

निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ। यसका केही उदाहरणहरु यस प्रकार रहेका छन्ः

| गोभा नं. | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ७९ | बेतेनी पुर्व कल्भर्ट निर्माण उ.स. | कल्भर्ट निर्माण | १०२२८४० |
| १४७ | श्री आलडाँडा बाहुन गाँउ जाने बाटोमा बाहुनी खोलामा कल्भर्ट निर्माण उ.स. | कल्भर्ट निर्माण | ११०९३९८ |
| १७० | चन्द्रोदय आसपासमा सडक बत्ती निर्माण उ.स. | ग्रामीण विद्युतीय कार्य | २४४०२५ |
| जम्मा | | | २३७६२६२।०० |

७५ **कार्यालयको काम उपभोक्ता समिति मार्फत गराएको** — गाँउपालिका पुजीगत- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समिति मार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराइ देहाय अनुसार खर्च गरेको छ। उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण गर्न नहुने र प्रतिस्पर्धावाट कार्यालयले गराउनुपर्ने कार्यहरु समेत उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फत आफ्नै भवन निर्माण कार्य गराउनु नियमसम्मत देखिएन ।

| भौ नं. | उपभोक्ता समिति | कामको विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ६५ | वडा कार्यालय पार्किङ्ग निर्माण उपभोक्ता समिति | वडा ६ कार्यालय पार्किङ्ग निर्माण | १९४००० | |

| | | | | |
|---|---|---|---|---|
| ११६ | मधुमल्ला(पालिका) अस्पताल भवन निर्माण उपभोक्ता समिति | मधुमल्ला अस्पताल निर्माण उपभोक्ता समिति | ३३९६४१४ | |
| ३४४ | वडा कार्यालयमा थप कोठा निर्माण उपभोक्ता समिति | वडा-४ मा कोठा निर्माण | २००००० | |
| ३५४ | वडा कार्यालयमा भवन कम्पाउण्ड प्राङ्गण सम्भार उपभोक्ता समिति | वडा-९ कार्यालयमा भवन कम्पाउण्ड प्राङ्गण सम्भार | ३००००० | |
| **जम्मा** | | | ४०९०४१४ | |
| | | | अनियमित भएको | ४०,९०,४१४ |

७६ **वीमा** — सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । आयोजनाले तपशिल वमोजिमका ठेक्काहरुमा वीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्नेलाई जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ आयोजनाले ध्यान दिनुपर्दछ ।

| **ठेक्का नं** | **निर्माण व्यवसायी** | **सम्झौता रकम** | **विओक्यू मा वीमा रकम** | **कैफियत** |
|---|---|---|---|---|
| 13/MRMM/WORKS/NCB/079/80 | डि.के.कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ्ग सुनसरी | २७०२९०३।६७ | २५००० | बिमा नगरेको |
| 15/MRMM/WORKS/NCB/078/79 | एस के पी डी कन्स्ट्रक्सन मोरङ्ग | २५७८८३८।८० | २५००० | बिमा नगरेको |
| 12/MRMM/WORKS/NCB/079/80 | लुङ्गा निर्माण सेवा काठमाण्डौ | २०८५१६६।०३ | २०००० | बिमा नगरेको |
| 10/MRMM/WORKS/NCB/079/80 | मुक्कुमुलुङ्ग विल्डर्स प्रा.ली. मोरङ्ग | २४१३५०७।१० | ३०००० | बिमा नगरेको |

| | | | | |
|---|---|---|---|---|
| 6/MRMM/WORKS /NCB/078/079 | प्रेमा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. मोरङ्ग | ३९३६४८६।२० | १८०००० | बिमा नगरेको |

७७ **मूल्य अभिवृद्धि कर सम्बन्धमा** — गाँउपालिका पुजीगत- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ग वमोजिम सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आशिंक स्वामित्व भएको संघसंस्थाले ठेक्का वा करारअन्तर्गतआपूर्ति हुने वस्तु वासेवा आपूर्ति वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने मु.अ. कर रकमको३०प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ।पालिकाले उपभोक्ता समिति मार्फत काम गराउने भनी सम्झौता बमोजिम लागत अनुमान(मु.अ.कर सहित) तयार गरी सो अनुसार कार्यसम्पन्न भई उपभोक्ता समितलाई भुक्तानी दिएको छ ।तर उपभोक्ता समितिले उक्त निर्माण तथा खरिद कार्य फर्म\आपुर्तिकर्ता मार्फत गराई मु.अ. कर सहित भुक्तानी दिएको बिल पेश भएको देखिन्छ।सो फर्म तथा आपुर्तिकर्तालाई मुल्य अभिवृद्धि करको शत प्रतिशत भुक्तानी हुने र सो मु.अ. कर छली हुन सक्ने सम्भावना हुँदा यस्तो कार्यमा नीतिग सुधार हुनुपर्दछ ।केही उदाहरणहरुः-

| सि.नं. | गो.भा.न. | विवरण | बिजक नं. | भुक्तानी कर्ताको नाम | भ्याट बाहेक रकम | मु.अ.कर | मुअकर को ३० प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | ४० | निर्माण कार्य | ०७ | पाथिभरा कन्स्ट्रक्सन उर्लाबारी | ३९८४०० | ५१७९२ | १५५३७ |
| २ | ९६ | निर्माण कार्य | ०७ | मिक्लाजुङ्ग कन्स्ट्रक्सन प्रा.ली | २२२६०० | २८९३८ | ८६८१ |
| ३ | २०३ | निर्माण कार्य | १३ | मिक्लाजुङ्ग कन्स्ट्रक्सन प्रा.ली | ३३३२०० | ४३३१६ | १२९९५ |
| ४ | २७२ | निर्माण कार्य | २० | मिक्लाजुङ्ग कन्स्ट्रक्सन प्रा.ली | ११३६६४० | १४७७६३ | ४४३२८ |
| ५ | २५० | निर्माण कार्य | २१ | रेनुका निर्माण सेवा | ११४४८० | १४८८२ | ४४६४ |
| ६ | २५० | निर्माण कार्य | २५ | रेनुका निर्माण सेवा | १८३६०० | २३८६८ | ७१६० |
| ७ | २५० | निर्माण कार्य | २८ | रेनुका निर्माण सेवा | १४०४०० | १८२५२ | ५४७६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | २५० | निर्माण कार्य | ३० | रेनुका निर्माण सेवा | ९३१५० | १२१०९ | ३६३२ |

७८ **पूँजिगतबाट चालु प्रकृतिको खर्च** — गाँउपालिका पुजीगत- एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या,२०७४ अनुसार चालु प्रकृतिका खर्च चालु खर्च शिर्षकवाट र पुँजीगत खर्च पुजीगत खर्च संकेतवाट खर्च लेख्नुपर्नेमा चालु प्रकृतिको खर्च पुँजीगत वजेटमा समावेश गरी वजेट खर्च लेख्नु नियम सम्मत देखिएन ।यस पालिकाले तपशिल बमोजिमका चालु प्रकृतिका कार्यक्रम पूँजिगत बजेटमा समावेश गरी खर्च लेखेको छ। यसरी चालु प्रकृतिको खर्च पूँजिगत शिर्षक बाट गर्नु वित्तिय अनुशासनको उल्लङ्घन हो। यसमा कार्यालयले सुधार गर्नुपर्दछ। केही उदाहरण देहायअनुसार छन :

| **भौ न** | **कामको विवरण** | **रकम** |
|---|---|---|
| १०६।०७९।१०।२३ | सर्जिकल सम्बन्धि खुद्रा सामाग्री खरिद | १२३४८०।०० |
| ३४१।०८०।३।२४ | टोनर, कार्टेज खरिद | ९२६६९।०० |
| **जम्मा** | | २१६१४९।०० |

७९ **दर बिश्लेषण फरक परि बढी भुक्तानी** — सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउने कार्यविधि सम्बन्धि व्यवस्था रहेको छ ।नगरपालिकाले उपभोक्ता समिति मार्फत हुने निम्न काममा लागत अनुमान तयार गर्दा सडक बिभागको Section 900 मा Roadway excavation in all types of soil as per Drawing and Technical specification including removal fo stumps and other deleterious matter, all lift and leads as per Drawing and Technical specification(Mechanical Means) को नर्म्स राखी दर बिश्लेषण गर्दा Hydraulic Excavator को दर बिश्लेषणमा हुनुपर्ने दर भन्दा बढी दर राखी भुक्तानी भएको देखिन्छ।(नमुना छनौटका रुपमा हेरिएको योजना) यसरी दर बिश्लेषणमा फरक पारि बढी भुक्तानी भएको रकम रु.३३२२७२।०० सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

| **गो.भा. न** | **उपभोक्ता समिति** | **काम** | **मुल्याँकन** | **परिमाण** | **भुक्तानी भएको दर** | **भुक्तानी हुनुपर्ने दर** | **बढी भुक्तानी दर** | **बढी भुक्तानी रकम** |
|---|---|---|---|---|---|---|---|---|
| ४० | सडक मर्मत सम्भार उपभोक्ता समिति | वडा भरि सडक मर्मत कार्य | ६२८२६९ | ७१६९.६६ | ८७.१९ | ८३.३८ | ३.८०३ | २७२६६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५२ | जाती खोला देखि कुवा पानी जाने बाटो स्तर उन्नती उपभोक्ता समिति | excavation in all types of soil | ३७६५३० | ४३१८.५१ | ८७.१९ | ८३.३८ | ३.८०३ | १६४२३ |
| ७० | साना किसान देखि दुम्के सडक स्तरोन्नती उपभोक्ता समिति | excavation in all types of soil | ३८०८९६ | ४३१६.८१ | ८७.१९ | ८३.३८ | ३.८०३ | १६४१६ |
| १३८ | बरबोटे सडक निर्माण उपभोक्ता समिति | excavation in all types of soil | ३२८६७४ | ३६२५ | ८७.१९ | ८३.३८ | ३.८०३ | १३७८५ |
| १६४ | साम्लिङ्गबाट छत्रपुर जाने बाटो स्तरोन्नती उपभोक्ता समिति | excavation in all types of soil | ६२६७२० | ३३४५ | ८७.१९ | ८३.३८ | ३.८०३ | १२७२१ |
| २३० | खोलीटार छत्रपुर कर्कुसे सडक उपभोक्ता समिति | excavation in all types of soil | २५०३९६ | २८७१.६५ | ८७.१९ | ८३.३८ | ३.८०३ | १०९२० |
| २०३ | सनिबारे रिठ्ठाबोटे लामिटार सडक मर्मत तथा निर्माण उपभोक्ता समिति | excavation in all types of soil | ३५१७८९ | ४०३४.७५ | ८७.१९ | ८३.३८ | ३.८०३ | १५३४४ |
| २३७ | आहले गोगने सडक निर्माण उपभोक्ता समिति | excavation in all types of soil | ६२५४७९ | ७१७३.७५ | ८७.१९ | ८३.३८ | ३.८०३ | २७२८१ |
| २४३ | अवले साम्पाङ्टोल गुर्धुम सोताङ्गटोल सडक मर्मत उपभोक्ता समिति | excavation in all types of soil | ९८९५१९ | ११३४९ | ८७.१९ | ८३.३८ | ३.८०३ | ४३१६० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २७२ | बर्खे मकरा खोलाङखा सडक मर्मत | excavation in all types of soil | १२८१६२७ | १४६९९ | ८७.१९ | ८३.३८ | ३.८०३ | ५५९०० |
| २९८ | साखरे बखलढुँगा सडक स्तरउन्नती उपभोक्ता समिति | excavation in all types of soil | २२९७४१२ | १९२३२.५५ | ८७.१९ | ८३.३८ | ३.८०३ | ७३१४१ |
| ३४८ | वडा नं.१ वखलढुँगा खेल मैदान निर्माण उपभोक्ता समिति | excavation in all types of soil | ४५६५९६ | ५२३६.८० | ८७.१९ | ८३.३८ | ३.८०३ | १९९१५ |
| **जम्मा** | | | | | | | | **३३२२७२** |
| | | | | | | | असुल गर्नुपर्ने | ३,३२,२७२ |

८० **उपभोक्ता समितिको काममा मुअकर वढी भुक्तानी** — गाँउपालिका पुजीगत- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा रनिङ विलको आधारमा रकम भुक्तानी गर्नुपर्ने उल्लेख छ भने नियम ९७ मा उपभोक्ता समितिले खर्चका विल भर्पाइ पेश गर्नुपर्ने उल्लेख छ ।कार्यालयले विभिन्न कामको लागि दर विश्लेषण गर्दा सिमेन्ट आइटममा जिल्ला दररेट रु.७००।००(ओ.पि.सी सिमेन्ट) मा मु.अ.कर जोडी रु. ७९१।०० कायम गरी भुक्तानी गरेको तर विजक कमभएको अवस्थामा समेत सवै रकम भुक्तानी भएको छ। यस सम्वन्धमा छलफल गर्दा उपभोक्ता समितिले कम दरको विजक पेश गर्ने गरेको कार्यालयले जनाएको छ। तर कम दरको विजक पेश गर्दा रकम सवै भुक्तानी हुने तर राज्यलाइ वुझाउनुपर्ने करमा कमी आउने हुँदा यस्तो प्रकारको न्युन विजकीकरण मार्फत कर छली लाइ कार्यालयले समेत नियन्त्रण गर्नुपर्ने देखिन्छ। अतः वढी दर लाग्ने गरी विश्लेषण गरी भुक्तानी गर्ने तर कम विजक पेश गर्नेको फरक मुअकर रकम रु.१३०४५।५० (नमुना छनोटको रुपमा हेरीएको योजना) असुल गर्नुपर्ने देखिन्छ ।

| भौ नं | योजनाको नाम तथा विवरण | कार्यालयले भुक्तानी गरेको दर (मुअकर समेत) | पेश भएको विजक अनुसारको दर (मुअकर समेत) | भुक्तानी दिएको परिमाण( सिमेन्ट) | उ.स.को बिजको परिमाण | वढी भुक्तानी भएको रकम | वढी मु अ कर भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २९६ | श्रीलँका जाने बाटोमा गोकुल धुप खोल्सीमा कल्भर्ट निर्माण उपभोक्ता समिति | ७९१।०० | ६९४।९५ | ३६३ | २५० | ११३३९५।५० | १३०४५।५० |
| **जम्मा** | | | | | | ११३३९५ | १३०४५।५० |
| | | | | | | असुल गर्नुपर्ने | १३,०४५.५ |

८१ **स्टिल पार्टस खरिदमा ओभरहेड**

.........प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१।३ को निर्णयबाट **Mainawati Steel Industries pvt. Ltd. Duhabi** को ५३८,७९० ।-सम्परीक्षण गरिएको ।

८२ **उपभोक्ता समितिलाई बढी भुक्तानी** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाचँ र मूल्याकंनको आधारमा भुक्तानी दिनुपर्ने व्यबस्था रहेको छ । नमुना छनौटको रुपमा हेरिएको योजनामा पालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउदा लागत अनुमानमा भएको इन्सुरेन्स, ल्याब टेष्ट लगायत अन्य कार्य नभएको\कम भएको अवस्थामा पनि अन्य बढी काम भएकोसँग हिसाब मिलान गरी मुल्याँकन गरेको देखिन्छ ।यसरी नभएको कार्य वा कम मुल्याँकन भएको कार्यको भुक्तानी दिदाँ उक्त कम भएको काम बराबरको रकम कट्टी गरी खुद भुक्तानी गर्नुपर्नेमा सो नगरी बढी कार्य गरेकोसँग मिलान गरी जोडजम्मा बराबर राखी मुल्याँकन गरेको हुदा खुद भुक्तानी गर्नुपर्ने रकम भन्दा बढी रकम रु.३१८८८४।०० उपभोक्ता समितिलाई भुक्तानी भएको हुँदा बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

| गो भा न | उपभोक्ता समिति तथा योजना | लागत अनुमान (उ.स.अँश समेत) | मुल्याँकन | भुक्तानी भएको | भुक्तानी हुनुपर्ने | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १८३ | मनकामना अगाडी बाटो सँरक्षण र महेश चोकसम्म ग्रावेल\उपभोक्ता समिति | ४४४७२७।७७ | ४३८०४५२।९९ | ३८८०००० ।०० | ३५६१११६।०० | ३१८८८४।०० |
| **जम्मा** | | | | | | ३१८८८४।०० |
| | | | | | असुल गर्नुपर्ने | ३,१८,८८४ |

८३ **शीर्षक फरक पारी खर्च** — आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली,२०७७ को नियम ३८ मा बजेट खर्च गर्न वा खर्च निकासा गर्न दिनु अघि स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेको एकीन गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको फरक शीर्षकबाट खर्च भुक्तानी गरको छ। फरक शीर्षकमा खर्च गरेको रु.६०००००।०० रकम नियमित देखिएन ।विनियोजित बजेटसम्बन्धित खर्च शिर्षकको अधिनमा रही खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| भौचर नं. र मिति | शिर्षक | रकम रु | कैफियत |
|---|---|---|---|
| ६९।०७९।९।२१ | वडा भरि ह्युमपाइप खरिद | २०००००।०० | वडा-४ मा माटो कटिङ्ग |
| ९१।०७९।१०।११ | वडामा खानेपानी डिपिआर तथा खानेपानी ट्याँकी निर्माण | २०००००।०० | ग्याबिन जाली लगाउने कार्य |
| १७८।०७९।१२।२० | वडामा खानेपानी डिपिआर तथा खानेपानी ट्याँकी निर्माण | २०००००।०० | बाटो ग्राभेल गर्ने काम |
| **जम्मा** | | ६०००००।०० | |

८४ **कालो सूचिमा नराखेको** — सार्वजनिक खरिद ऐन २०६३ को दफा ६को ग मा खरिद संझौता कार्यान्वयन गर्दा सारभूत त्रुटी गरेको वा संझौता अनुरुपको दायित्व सारभूतरुपमा पालना नगरेको वा खरिद संझौता बमोजिमको कार्य सो संझौता बमोजिमको गुणस्तर नभएको कुरा प्रमाणीत भएमा कालो सूचिमा राख्न सकिने उल्लेख छ ।कृषि सफ्टवेयर तयार गर्ने ड्रिम वर्क सोलुशनलाई शिलवन्दि दरभाउपत्रबाट आर्थिक तथा प्रविधिक प्रस्तावमा छनौट भई भ्याट सहित रु १९२५५७३ मिति २०८०।३।२० मा काम सम्मन्न गर्ने गरी संझौता भई प्रथम किस्ता रु ५७७६७० भुक्तानी भएकोमा संझौता अनुसार कार्य नगरेकोले उत्त रकम असुल गरेको पाइयो तर संझौता बमोजिम काम नगर्ने संस्थालाई कालो सूचिमा राखेको पाइएन ।

## ८५ टुक्रा पारी खरिद

.........प्रारम्भिक प्रतिवेदन उपर नियमित गरी प्रमाण पेश भएको आधारमा मिति २०८१।१।३ को निर्णयबाट रु २२,८०,६०२ ।-सम्परीक्षण गरिएको ।

(विस्तृत विवरण बेरूजु दफा ८५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

८६ **विपत्त व्यवस्थापन कोष** — आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने वील भपाई प्रमाण र कागजात सम्लग्न हुनुपर्ने उल्लेख छ। वडा कार्यालयले विपत्त व्यवस्थापन कोषबाट बाटो बनाउने कार्य डोजरबाट गराइ पाथिभरा कन्स्ट्रक्सनलाई रु १९४००० भुक्तानी भएकोमा विपत्तको पुस्टयाई नगरी कर्यालयको डोजर प्रयोग नगरी खर्च गरेको नियम सम्मत देखीएन ।

| | |
|---|---|
| अनियमित भएको | १,९४,००० |

८७ **म्याद थप** — सार्वजनिक खरिद नियमावली, 2064 को नियम 120 मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिंदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुनः सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्दछ ।

| ठेक्का नं | ठेक्काको विवरण | सम्झौता मिति | सम्झौतारकम | सम्पन्न गर्नुपर्ने मिति | हाल सम्मको भुक्तानी | म्याद थप अबधि | पुनः म्याद थप अबधि | सुरु अबधिको म्याद थप प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| 22/MRMM/WORK/NCB/078-79 | कर्वड हल निर्माण-७ | २०७९।३।२७ | ७९२५३८३।२२ | २०८०।१।५ | २८०६६६८।०० | २०८०।७।३० | २०८१।१।३० | १४० |

८८ **पूर्वनिर्धारित क्षतिपूर्ति** — सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ ।नाइटेपानी रिलायन्स सडक कालोपत्रे निर्माण कार्यका लागि पुर्वाञ्चल कन्स्ट्रक्सन(मु.अ.कर दर्ता नं.-३०१७७०१२३) भद्रपुर, झापासँगरु.८३,२०,५६८।०८ मिति २०७८।०६।१०सम्झौता गरी २०७८।११।३०मा सम्पन्न गर्ने गरी सम्झौता गरेको छ । उक्त काम समयमा सम्पन्न हुन नसक्दा पटक पटक गरी मिति २०७९।९।३०सम्म म्याद थप भएकोमा उक्त समयावधिसम्म पनि कार्य सम्पन्न हुन नसकि अन्तिम बिल २०८०।३।२४ मा पेश भएको हुँदा खरिद सम्झौताको शर्तअनुसार तोकिएको समयमा कार्य गर्न नसकेको मनासिब माफिकको कारण खुलाई म्याद थप गरेको छैन । खरिद सम्झौताको पालना नगरी १७४ दिन ढिलाई गरी कार्य गर्ने आपूर्तक तथा निर्माण व्यवसायीबाट सम्झौता रकमको ०.०५ प्रतिशत\प्रति दिनका दरले हुने रकम रु. ७२३८८९।00 पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,२३,८८९.४२ |

८९ **रित पूर्बकको कर बिजक** — मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । रितपूर्वकको कर वीजक बेगर देहायका हस्पिटालिटी सर्भिसबाट मु.अ.कर रु.१७५६७।०० समेत रु.१५२७००।०० सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसायिले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ ।

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | कर विजकको अवस्था | भुक्तानी रकम | मुअकर कर रकम |
|---|---|---|---|---|
| ३० | मिक हस्पिटालिटी सर्मिस दमक-२ | बिजक नं. हातले लेखेको-५२ | २३०६० | २६५३ |
| ३० | मिक हस्पिटालिटी सर्मिस दमक-२ | बिजक नं. हातले लेखेको-५७ | २८७६० | ३३०८ |
| ३० | मिक हस्पिटालिटी सर्मिस दमक-२ | बिजक नं. हातले लेखेको-६२ | ४२२८० | ४८६४ |

| | | | | |
|---|---|---|---|---|
| ३० | मिक हस्पिटालिटी सर्मिस दमक-२ | बिजक नं. हातले लेखेको-६५ | १७४०० | २००२ |
| ३० | मिक हस्पिटालिटी सर्मिस दमक-२ | बिजक नं. हातले लेखेको-५९ | ४१२०० | ४७४० |
| | | **जम्मा** | **१५२७००** | **१७५६७** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,५६७ |

९० **परामर्स तथा डीपी आर खर्च** — बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम | अध्यन्नबाट निर्धारण भएको आयोजना लागत |
|---|---|---|---|---|
| Development of orthomosaic map and identification of the natural hazard and their mitigations in Miklajung rural Municipality | Excel Nepal multipurpose Pvt.Ltd.,Biratanagar | 4,97,010.51 | 4,96,070 | - |
| Bakraha khola Bridge | Paragon Engineering Consultancy and Research Centre Pvt.Ltd.,Lalitapur | 10,28,622.75 | 9,83,100 | 19,89,85,587.54 |
| Preparation of land use plan | Life time engineering Solution Pvt.Ltd.,Kathmandu | 10,06,049.87 | 10,00,050 | - |
| Madhumalla Complex Building | Nirbhaya Geotech Enginering Company Pvt.Ltd.,jhapa | 11,64,782 | 11,43,560 | 17,48,93,797 |
| Gyamire- Kolbote-Sajhbote-Chuli Road Ward no 1 | Gate Way Engineering Consultancy Pvt.Ltd Kathmandu | 10,79,548.41 | 10,39,158.85 | 85,83,02,502.24 |

| | | | | |
|---|---|---|---|---|
| 1.Mawa-Bridge-Naitepani-Malami-tahara ward 7 and 9<br>2. Kasheni School Purwa Hudai Shanti tole Hudai Malami Tahara Road Ward 6<br>3.Sundari Chowk-Janajati Chowk-Dhobeni-Chautara Road Ward 3 and 6 | Ripple Training and Consulting Services Pvt.Ltd. | 12,73,536.11 | 12,67,543.60 | 9,67,38,710.16 |
| 1. Sakhare-Okhaldhunga Sadak<br>2. Dhankheti Samling Kurkuse Sadak | Build and Serve Engineering Pvt.ltd kathmandu | 4,99,304.62 | 4,92,962.50 | - |
| IEE (All River of Miklajung) | BMS Nepal Pvt. Ltd. kathmandu | 13,00,002.21 | 12,94,415 | - |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

## ९१ सुधारका लागि सुझाब

९१.१ सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण — आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो मन्त्रालय र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ ।

| क स | सम्पत्ति | गत आ वको खरिद सँख्या | चालु आ बको खरिद सँख्या | मुल्य | प्रयोग गर्ने पदाधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|
| 1. | जीप | २ | १ | ४५००००० यस आ वको खरिद मुल्य | अध्यक्ष, उपाध्यक्ष, कार्यालय प्रयोजन | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 2. | जे.सी.बि | १ | | नखुलेको | | |
| 3. | मोटरसाइकल | १८ | | नखुलेको | कर्मचारीहरु | |
| 4. | ट्याक्टर | १ | | नखुलेको | | |
| 5. | स्कुटर | १ | | नखुलेको | कर्मचारीहरु | |

९१.२ नापी किताबः- निर्माण कार्यको विस्तृत अभिलेखाकंनका लागि स्वीकृत ढांचाको नापी किताबमा ठेक्का नम्बर आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकमसमेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यवस्था छ ।पालिकाले अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ बिलअनुसार नापी किताब लुज सिटमा तयार गरेको पाइयो । तोकिएको ढांचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखीठेक्का बिलअनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्थाअनुसार आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न सहज हुने हुँदा अभिलेख राखी स्वीकृत ढांचा बमोजिमको नापी किताव प्रयोगमा ल्याउनुपर्दछ ।

९१.३ सार्वजनिक परीक्षण —स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगोर भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफ देहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

९१.४ सहकारी नियमन- सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली(COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन

प्रणाली(COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

९१.५ कानून र सञ्चालन स्थिति– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्य विधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १६ वटा ऐन, ७ वटा नियमावली, ३८ कार्य विधि तथा ७ निर्देशिका लगायत ६८ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले ६८ वटा कानूनहरु निर्माण गरी सभा\कार्यपालिकाबाट स्वीकृत गरेता पनि उक्त कानूनहरु पुर्ण रुपमा राजपत्रमा प्रकाशन गरेको छ। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

९१.६ न्यायिक समिति– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ७ र यो वर्ष १० विवाद दर्ता भएकोमा ५ वटा मात्र फस्यौंट भई १२ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ।

९१.७ फोहरमैला व्यवस्थापन– फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

९२ **टुक्रे खरिद** — गाँउपालिका पुजीगत- सार्वजनकि खरिद ऐन, २०६३ को दफा ८ बमोजमि प्रतिस्पर्धा सीमित नहुने गरी खरीद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनकि खरिद नियमावलीमा रु. १० लाख सम्मको खरीद कार्य सोझै, सोभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथिको खरीद बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्न वडामा मर्मत सम्भार कार्यका लागि कोटेशनका आधारमा Loose Granular(River Bed Matrial) खरिद गरेको देखिन्छ(नमुना छनौटका रुपमा हेरिदा)। तर कार्यालयले प्रचलित कानुनी व्यवस्थाको पालना नगरी एउटै प्रकृतिको कामलाई निम्नानुसार टुक्रापारी गरेको खरिद कारबाही नियमित नदेखिएको रु.

| गो.भा.न.\मिति | वडामा प्रयोग | भुक्तानीकर्ता | भुक्तानी रकम |
|---|---|---|---|
| ६।०७९।५।३० | ६, ७ र ९ | एमपी कन्स्ट्रक्सन सिवासताक्सी-७ | ९८७७०० |
| १५।०७९।६।६ | ७ | इनोभेसन कन्स्ट्रक्सन सर्भिस दमक | ६९६३०० |
| ५१।०७९।८।१८ | ६ | एस.के.पी.डि. कन्स्ट्रक्सन मिक्लाजुङ्ग | ७८५६०० |
| **जम्मा** | | | २४६९६०० |
| | | अनियमित भएको | २४,६९,६०० |

९३ **उपभोक्ता समिति** — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३(क१)मा साठी लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिले गर्नुपर्ने योगदान सम्बन्धमा उल्लेख गर्नुपर्ने छ । पालिकाले वडा नं. ७ को भवन निर्माण कार्यको लागि उपभोक्ता समितिको अँश रु.१४९६१७३।२६(१५.७५ प्रतिशत) समेत गरी रु.९४९६१७३।२६ को लागत अनुमान तयार गरी आ.ब.२०७८।२०७९ मा सम्झौता गरेको छ ।उक्त योजनामा प्रत्येक इकाईमा उपभोक्ता समितिको योगदान राखि सम्झौता गर्नुपर्नेमा सो नगरी समग्रमा रु.१४९६१७३।२६(१५.७५ प्रतिशत)योगदान देखाएको छ ।कुन कुन आइटम\काममा कति कति योगदान गर्ने भनी इकाईगत सम्झौता गर्नुपर्नेमा सो नगरेको देखिन्छ ।यस सन्दर्भमा अन्य कैफियतहरुः-

१- यस योजना २०७८।७९ मा सम्झौता भएकोमा हालसम्म तेस्रो रनिङ्ग बिलसम्म मात्र भुक्तानी भएको छ ।कार्यसम्पन्न भएको छैन ।

२- प्रत्येक रनिङ्ग बिल भुक्तानी गर्दा उपभोक्ता समितिको अँश(सम्झौता अनुसार) कट्टी गरी भुक्तानी गर्नुपर्ने भन्दा बढी भुक्तानी भएको देखिन्छ ।कार्यसम्पन्नको बिल पेश हुँदा आनुपातिक कट्टी गरी हिसाब मिलान गर्नुपर्ने देखिन्छ ।

३- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उल्लेख भए अनुसार मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी र जनसहभागिताको अशँ समेत गरी १ करोड भन्दा माथिको योजना उपभोक्ता समिति मार्फत गराउन नमिल्ने गरी व्यबस्था भएको देखिन्छ । ओभरहेड समावेश हुँदा कायम हुने लागत अनुमान रु.१,११,९६,५८९।०० हुनजान्छ ।

९४ **कन्टिन्जेन्सी** — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा कन्टिजेन्सी रकम कट्टी गर्ने सम्बन्धी उल्लेख गरिएको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय कानुन बनाउने सम्बन्धी व्यस्था रहेको छ ।सोही दफाको उपदफा ५ मा कुनै कानुन राजपत्रमा प्रकाशन नभएसम्म त्यस्तो कानुन लागु हुने छैन ।यस पालिकाले कन्टिनजेन्सी रकम खर्च गर्ने सम्बन्धि कार्यविधि तयार गरेको देखिदैन ।कानुन तयार नगरी पालिकाले कन्टिन्जेन्सी रकम रु.३८८९५२५।०० कट्टी गरेको छ भने रु.८५०१७८।०० खर्च गरेको छ ।सो खर्च कुन कुन शिर्षकमा खर्च गरेको हो सोको विवरण समेत पालिकाले राखेको देखिदै अतः कन्टिन्जेन्सी रकम खर्च गर्ने कानुन बेगर खर्च गरेको रकम नियमसम्मत देखिएन ।

९५ **सोझै खरिद\टुक्रे खरिद** — सार्वजनकि खरिद ऐन, २०६३ को दफा ८ बमोजमि प्रतिस्पर्धा सीमित नहुने गरी खरीद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनकि खरिद नियमावलीमा रु. १० लाख सम्मको खरीद कार्य सोझै, सोभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथिको खरीद बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। तर कार्यालयले प्रचलित कानुनी व्यवस्थाको पालना नगरी एउटै प्रकृतिको कामलाई निम्नानुसार टुक्रापारी गरेको खरिद कारबाही नियमित नदेखिएको रु.

| गो.भा. | मिति | शिर्षक | खरिद विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|
| ५२ | ०६/०४/२०७९ | मसलन्द तथा कार्यालय सामाग्री | अल अफिस सप्लायर्सलाई भुक्तानी | ४,४०,७००.०० |
| १३० | ०७/०६/२०७९ | मसलन्द तथा कार्यालय सामाग्री | कुन्तादेवी छापाखानालाई भुक्तानी | २,७३,२५१.०० |

| | | | | |
|---|---|---|---|---|
| १३१ | ०७/०६/२०७९ | मसलन्द तथा कार्यालय सामाग्री | न्यु प्रेस छापाखानालाई भुक्तानी | २,३७,३००.०० |
| १३२ | ०७/०६/२०७९ | मसलन्द तथा कार्यालय सामाग्री | यसोदा स्टेशनरी तथा जनरल सप्लायर्सलाई भुक्तानी | २,०७,५८१.०० |
| १४७ | ०७/०६/२०७९ | मसलन्द तथा कार्यालय सामाग्री | मसलन्द तथा कार्यालय सामाग्री खर्च भुक्तानी | ८६,९५०.०० |
| ३४३ | १०/१३/२०७९ | मसलन्द तथा कार्यालय सामाग्री | संलग्न कागजातको निवेदनको आधारमा भुक्तानि दीएको लेखा | ९४,६३७.०० |
| ३७१ | १०/२३/२०७९ | मसलन्द तथा कार्यालय सामाग्री | कार्यालय संचालन खर्च भुक्तानि | ८७,५७५.०० |
| ३७२ | १०/२३/२०७९ | मसलन्द तथा कार्यालय सामाग्री | कार्यालय संचालन खर्च भुक्तानि | १,८५,५४६.०० |
| ३७३ | १०/२३/२०७९ | मसलन्द तथा कार्यालय सामाग्री | कार्यालय संचालन खर्च भुक्तानि | १,९४,८१२.०० |
| ८११ | ०३/०३/२०८० | मसलन्द तथा कार्यालय सामाग्री | यस कार्यालयको लागि आवश्यक स्टेशनरी खरिद गरेबापतको रकम भुक्तानि दिएको लेखा | ४,९९,३५८.०० |
| १०२४ | ०३/२२/२०८० | मसलन्द तथा कार्यालय सामाग्री | स्टेशनरी तथा विविध सामानहरुको भुक्तानि | ६,३५,१६८.०० |
| **जम्मा** | | | | २९४३१७८.०० |
| | | | अनियमित भएको | २९,४३,१७८ |

९६ **ह्युमपाइप खरिद** – गाँउपालिका पुजीगत- वडा कार्यालयको माग अनुसार लागत अनुमान तयार गरी कोटेशनका आधारमा निम्न फर्महरुबाट(नमुना छनौटका रुपमा हेरिएका योजना) बिभिन्न साइजका १६३ थान ह्युमपाइप रु.१५२८९७६(भ्याट सहित) पालिकाले खरिद गरेको छ ।उक्त ह्युमपाइप निम्न वडा कार्यालयलाई वितरण गरी कार्यसम्पन्न तयार गरेको छ ।कार्यसम्पन्न तथा मेजरमेन्ट बुकमा उक्त ह्युमपाइप कहा-कहा प्रयोग भएको सो विवरण केही खुलेको देखिएन तर्सथ खर्च पुष्ट्राई हुने उक्त ह्युमपाइप कुन-कुन स्थानमा, कहा-कहा र कसरी जडान गरिएको हो सो विवरण खुल्ने प्रमाणित मेजरमेन्ट तथा कार्य सम्पन्न बिल सहितको प्रमाण पेश गर्नुपर्दछ ।

| गो.भा.न | वडा नं. | खरिद फर्म | भुक्तानी रकम | ह्युमपाइप NP3 | ह्युमपाइप NP3 45CM थान | ह्युमपाइप NP3 60 CM थान | जम्मा |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | **30CM थान** | | | |
| ८ | ६ | पानस सिमेन्ट क्रँक्रिट ईण्ड्रष्ट्रिज प्रा ली कन्काई | ५८४८५६।२४ | १० | १५ | ११ | ३६ |
| ३२१ | ४ | शँकर सिमेन्ट उद्योग प्रा.ली. दुलारी | ३५१३९६ | - | २८ | १९ | ४७ |
| ३२६ | ६ | शँकर सिमेन्ट उद्योग प्रा.ली. दुलारी | ५९२७२४ | - | ५० | ३० | ८० |
| **जम्मा** | | | १५२८९७६ | १० | ९३ | ६० | १६३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,२८,९७६ |

९७ **सफेवा खोला मोटरेवल पुल** — पालिकाले सफेवा खोला मोटरेवल पुल निर्माणका लागि ठेक्का मार्फत निर्माण व्यवसायी नारायनम् प्रेमा जे भी सँग रु.४,२५,४०,३५३।१४ (मूल्य अभिवृद्धी कर समेत) मा २०८०।११।२२ मा निर्माण कार्य सम्पन्न गर्नेगरी २०७८।११।२२ मा सम्झौता भएको छ। उक्त निर्माण कार्यको हाल सम्मको प्राविधिक मुल्याङ्कन रु.१,७९,०५,३१६।१६ को कार्य गरी भुक्तानी गरेको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन ।

कार्य प्रगतिः सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायि सँग भएको सम्झौता वमोजिम उक्त निर्माण कार्य २०८१।११।२० मा सम्पन्न गर्नुपर्ने देखिन्छ। निर्माण व्यवसायिले लेखापरीक्षण अवधिसम्म करिव ८० प्रतिशत भन्दा वढि समयावधि समाप्त भैसक्दा समेत निर्माण कार्य गरी विल पेश गरेको छैन। निर्माण कार्य ८० प्रतिशत अवधि समाप्त व्यतित भैसक्दा ४२ प्रतिशत वित्तीय प्रगति तथा २५ प्रतिशत भौतिक प्रगति भएको देखिन्छ। निर्माण व्यवसायिले सम्झौताका वखत पेश गरेको निर्माण कार्यतालिका वमोजिम निर्माण कार्य नगर्दा समेत कार्यालयवाट कुनै पत्राचार समेत भएको देखिदैन। भुक्तानीका लागि वजेटको व्यवस्थापन गरी सम्झौताको अवधिमा निर्माण कार्य सम्पन्न गर्ने गराउने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९(२)(क) मा मूल्य समायोजनको सूत्र निर्धारण गर्दा सम्पन्न भएको काममा लागेको श्रम, सामग्री र उपकरणको मात्र मूल्य समायोजन हुने गरी सूत्र

निर्धारण गरी भुक्तानी गर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा निर्माण व्यवसायीलाई गुणस्तर परीक्षण र विमा जस्ता जनरल आइटम रु ५५०२८३।०० मा मूल्य समायोजन दिन नमिल्नेमा रु ५५३४२।०० भुक्तानी दिएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५५,३४२ |

९८ **प्रशासकिय भवन** — सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। पालिकाले प्रशासकिय भवन निर्माण गर्ने कार्यको लागि निर्माण व्यवसायी मार्गदिवी पुर्वाञ्चल जेभिसँग रु ३,७३,४२,१३०।५३ भुक्तानी गर्नेगरी र उक्त कार्य २०७९।२।३० मा सम्पन्न गर्नेगरी मिति २०७७।१०।२८ मा सम्झौता भएको देखिन्छ । निर्माण निर्माण व्यसायिले उक्त निर्माण कार्य तोकिएको समयमा नगरी दोश्रो पटक समेत सार्वजनिक खरिद नियमावलीको नियम १२० (क) वमोजिम भनि २०८०।६।३० सम्म म्याद थप गरेको देखिन्छ। निर्माण व्यवसायिले निर्माण कार्य वापत यो वर्षको अन्त्य सम्म रु २,१५,०८,६६४।४० को मात्र निर्माण कार्य गरि भुक्तानी लिएको देखिन्छ। हाल सम्म भुक्तानी भएको आधारमा ५७.७५ प्रतिशत मात्र वित्तीय प्रगति भएकोले तोकिएको समयावधि भित्र निर्माण कार्य सम्पन्न हुनेमा विश्वस्त हुन सक्ने आधार देखिदैन । विशेष परिस्थित र प्राविधिक विश्लेषणको आधारमा मात्र म्याद थप गर्नुपर्नेमा प्राविधिक पुष्ट्याई वेगर खरिद नियमावलीको फरक दफाको प्रयोग गरी म्याद थप गरेको मनासिव देखिदैन । निर्माण व्यवसायिको कारणले पटक पटक म्याद थप भएको देखिएकाले पुर्वनिर्धारीत क्षतिपुर्ती लगाई निर्माण कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ ।

गुणस्तर परीक्षणः सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम निर्माण कार्य गराई भुक्तानी गर्नुअघि स्वीकृत स्टाण्डर्ड स्पेसिफिकेशनको आधारमा निर्माण सामाग्रीको गुणस्तर परीक्षण गराएर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । प्रशासनिक भवन निर्माण गर्ने कार्यको QAP स्वीकृती गरी परीक्षण कार्य सूचारु गरेको पाइएन । प्राविधिक मुल्याङ्कन रु.१,७९,०५,३१६।१६ भुक्तानी गरेकोमा रु. ७०७४०००/- फलामे डण्डीको भुक्तानी गरेकोमा उक्त डण्डीको गुणस्तर परीक्षण प्रमाण समावेश भएको पाइएन । लातअनुमान भन्दा घटी कार्य गरेकोकंक्रिटको परिमाण ४८६।३ घ.मी. रहेकोमा डण्डको खपत परिमाण स्वीकृत लागत अनमानको आधारमा भन्दा बढी परिमाण भएको छ ।भवन निर्माण कार्य चालु रहेकोले QAP स्वीकृत गरी गुणस्तर परीक्षण गराएर भुक्तानी गर्नुपर्दछ ।

संसोधित कार्ययोजनाः खरिद सम्झौताको बिशेष शर्त (SCC) को GCC 34.3 मा निर्माण व्यावसायीले संसोधित कार्यतालिका पेश गर्नुपर्ने र नगरेको अवस्थमा रु.१००००० ।०० रोक्का राख्नुपर्ने व्यवस्था छ। भवन निर्माणको निर्माण व्यावसायीले पटक पटक अवधी थप गरेकोमा स्पष्ट कार्य सम्पादन सुचक सहितको संसोधित कार्यतालीका पेश गरेको पाइएन। अतः सम्झौता अनुसार आगामी भुक्तानी गर्दा सो रकम रोक्का राख्नुपर्दछ ।

९९ **एकै स्थानमा दुई पुल** — मगर खोला, फेदाप झो पु , मिक्लाजुङ्ग वडा नं १ लावा खोला , मिक्लाजुङ्ग वडा नं ३ मुगु खोलामा झो पु निर्माण वापत मैनावति स्टिल इन्डस्ट्रिज प्रा.ली.लाई रु रु ३९०३९८१।०० भुक्तानी गरी नर्माण सम्पन्न भएकोमा सोही स्थानको ५० मिटर दुरीमा मगर खोला मोटरेबल पुल निर्माण गर्न नेपाल मेगा - प्रविन - एम बि ए जे /भी संग सम्झौता गरी रु १ करोड समेत भुक्तानी गरिसकेको अवस्था देखियो । आवश्यक्ताका आधारमा आयोजना छनौट हुनुपर्दछ ।

१०० **कार्य प्रगति** — पालिकाले मगर खोला मोटरेवल पुल निर्माणका लागि ठेक्का मार्फत निर्माण व्यवसायी नेपाल मेगा - प्रविन - एम बि ए जे /भी सँग रु.४,१४,३७,२२६।६० (मूल्य अभिवृद्धी कर समेत) मा २०७९।०३।१९ मा निर्माण कार्य सम्पन्न गर्नेगरी २०८१।३।१९ मा सम्झौता भएको छ। उक्त निर्माण कार्यको हाल सम्मको प्राविधिक मुल्याङ्कन रु.१,२९,६३,६७२।०० को कार्य गरी भुक्तानी गरेको छ । सम्झौता बमोजिम २०८/३/२२ सम्म उक्त निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा हाल सम्झौता ७० प्रतिशत अवधिको समय व्यतित हुँदा समेत उक्त निर्माण कार्यको हालसम्म रु. १,२९,६३,६७२।०० प्राविधिक मूल्याङ्कन भएको आधारमा ३१.२८ प्रतिशत मात्र वित्तीय प्रगति भएकोले तोकिएको समयावधि भित्र निर्माण कार्य सम्पन्न हुनेमा विश्वस्त हुन सक्ने आधार देखिदैन ।खरिद सम्झौताको बिशेष शर्त (SCC) को GCC 34.3 मा निर्माण व्यावसायीले संसोधित कार्यतालिका पेश गर्नुपर्ने र नगरेको अवस्थमा रु.५०००० ।०० रोक्का राख्नुपर्ने व्यवस्था छ। कार्यतालिका पुल निर्माणको निर्माण व्यावसायीले स्पष्ट कार्य सम्पादन सुचक सहितको संसोधित कार्यतालीका पेश गरेको पाइएन। अतः सम्झौता अनुसार आगामी भुक्तानी गर्दा सो रकम रोक्का राख्नुपर्दछ ।

१०१ **१० शैय्याको अस्पताल**

१०१.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२.क मा व्यवस्था भए अनुसार अग्रिक बैंक जमानत लिई स्वीकृत रकमको २०% सम्म पेश्की दिन दिदाँ पहिलो पटक स्वीकृत पेश्की रकमको आधा र बाँकी आधा रकम कार्यप्रगतिको आधारमा दिन सकिने उल्लेख छ । कार्यालयले ठेक्का नं. 11/MRMM/WORKS/NCB/077.78 Construction of 10 bed hospital in Miklajung Rural Municipality को लागि लामा यूनिभर्सल जे.भी. संग रु. ७४६८४९४३ (मू.अ. कर र PS बाहेक) मा सम्झौता गरेकोमा पटक पटक गरी कूल रु. १४९३६९५८ (२०%) पेश्की तथा तेश्रो विल सम्म रु १५५२५८००।०० लगेकोमा कार्य सम्पादन तर्फ उल्लेखनिय प्रगति भएको देखिएन । कार्य प्रगति बढाउने अन्यथा पेश्की रकम व्याजसहित असुल गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

**कार्य प्रगतिः** सम्झौता बमोजिम २०८०/३/२२ सम्म उक्त निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा हाल सम्झौता अवधिको समय व्यतित हुँदा समेत उक्त निर्माण कार्यको हालसम्म रु.२,२४,३३,८०९/- प्राविधिक मूल्याङ्कन भएको आधारमा २०.४१ प्रतिशत मात्र वित्तीय प्रगति भएकोले तोकिएको समयावधि भित्र निर्माण कार्य सम्पन्न हुनेमा विश्वस्त हुन सक्ने आधार देखिँदैन । अतः तोकिएको समयमा निर्माण कार्य सम्पन्न गर्न कार्यतालिका बमोजिम आवश्यक अनुगमन गर्नुपर्ने देखिन्छ । **मूल्य समायोजन—** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९(२)(क) मा मूल्य समायोजनको सूत्र निर्धारण गर्दा सम्पन्न भएको काममा लागेको श्रम, सामग्री र उपकरणको मात्र मूल्य समायोजन हुने गरी सूत्र निर्धारण गरी भुक्तानी गर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा निर्माण व्यवसायीलाई गुणस्तर परीक्षण र विमा जस्ता जनरल आइटम रु ५७६६६८।०० र पेश्की कट्टा रु ८८८३५०।०० समेत जम्मा रु १४५६०१८।०० मा मूल्य समायोजन दिन नमिल्नेमा फ्याक्टर ०।१४०६ का दरले रु २०४७१६।०० बढी भुक्तानी दिएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

खरिद सम्झौताको बिशेष शर्त (SCC) को GCC 34.3 मा निर्माण व्यावसायीले संसोधित कार्यतालिका पेश गर्नुपर्ने र नगरेको अवस्थमा रु.५००००।०० रोक्का राख्नुपर्ने व्यवस्था छ। भवन निर्माणको निर्माण व्यावसायीले पटक पटक अवधी थप गरेकोमा स्पष्ट कार्य सम्पादन सुचक सहितको संसोधित कार्यतालीका पेश गरेको पाइएन। अतः सम्झौता अनुसार आगामी भुक्तानी गर्दा सो रकम रोक्का राखुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,०४,७१६ |

१०१.२ मूल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मू.अ.करको बिवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर बिवरण सहित दाखिला गर्नु पर्ने ब्यबस्था छ । कार्यालयले लामा यूनिभर्सल जे.भी. लाई तेश्रो रनिङ् विल मू अ कर रु ४६१९४१।६२ समे रु ४०१५३३८।०० भुक्तानी गर्दा आन्तरिक राजश्व बिभागको वेभ साईटमा सर्च गर्दा मूल्य अभिबृद्धि करमा ननफाईलर रहेको पाईयो। यसरी भुक्तानी पाउने फर्म लेखापरीक्षण अबधिसम्म ननफाईलर रहेकोले उक्त फर्महरुले प्राप्त गरेको मू.अ.कर बापतको रकम रु ४६१९४१।६२ सम्बन्धित कर कार्यालयमा बुझाएको वा समायोजन गरेको यकिन हुन सकेन।यसरी अनुसूचिमा उल्लेखित भुक्तानी भएको कर चुक्ता र मू.अ.कर समायोजन भएको प्रमाण पेश हुनुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,६१,९४१ |

१०२ **पेश्की बाँकी** — आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु.२५७९३३३७।००बाँकी रहेको देखिन्छ । निम्नानुसारको म्याद नाघेको पेश्की रु ७९८००००।०० फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्दछ ।

..........प्रारम्भिक प्रतिवेदन उपर नियमित गरी प्रमाण पेश भएको आधारमा मिति २०८१।१।३ को निर्णयबाट ब्रकाहा माध्यमिक विद्यालय को १,२४४,२७५।-, ब्रकाहा माध्यमिक विद्यालय को १,३९५,७२५।-, श्री देवकोटा माध्यमिक विद्यालय को १,२४४,२७५ रु २२,८०,६०२।-, कालिका सामुदायिक माध्यमिक विद्यालय को ५००,०००।-, कालिका सामुदायिक माध्यमिक विद्यालय को २,२००,०००।-, श्री देवकोटा माध्यमिक विद्यालय को १,३९५,७२५।-समेत जम्मा रु सम्परीक्षण गरिएको ।

**(विस्तृत विवरण बेरूजु दफा १०२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१०३ **आईतबारे बर्खे सडक मर्मत**— आईतबारे बर्खे सडक मर्मत तथा सडक स्तरोन्ती कार्यका लागि ठेक्का नं १३/MRMM/ WORK /NCB/ 2078-079 मार्फत निर्माण व्यवसायी टिम विल्डर्स प्राली सँग रु .१९५८६४१।०१ (मूल्य अभिवृद्धी कर समेत) मा २०७९।११।१५ सम्ममा निर्माण कार्य सम्पन्न गर्नेगरी २०७८।१०।२७ मा सम्झौता भई रु १७०७३००।०० भुक्तानी गरी कार्य सम्पन्न गरेको छ । सम्झौता अनुसार सवै किसिमको माटो काट्ने तथा साधारण चट्टान फोर्ने कार्यका

लागि १५२५६ र ७२८९ घन मि काट्नु पर्नेमा १४३०४ र ६४९९ घन मि को कार्य गरी रु २५१३३३।०० करीव १२ प्रतिशत घटी कामको भेरिएसन वेगर मूल्यांकन गरी भुक्तानी दिएको देखियो । स्थलगत अवलोकनको क्रममा २ किमी ७०० मिटर कार्य गरेको मूल्याङ्कन गरेकोमा २ किमि ४७० मिटर मात्र कार्य कार्य गरेको देखिनुका साथै धेरै स्थानमा गएको पहिरोले रुख विरुवा सहितको चट्टान समेतले बाटो पुरिएको तथा पुन मर्मत गर्नुपर्ने अवस्था रहेको समेत देखिएको डिएलपी पिरियड भित्रको कार्य निर्माण व्यवसायीको धरौटी रु ७५५४५।०० बाट मर्मत कार्य गराएको प्रमाण पेश गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७५,५४५ |

## १०४ सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा

१०४.१ सामाजिक सुरक्षा वितरणः-

सामाजिकसुरक्षा ऐन,२०७५ अनुसार सामाजिक सुरक्षा भत्ता पाउन योग्य भएका नेपाली नागरिकलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने व्यबस्था रहेको छ ।यस पालिका अन्तर्गतका ९ वडाहरुको लागि रु.१३९५७०८८५।०० सामाजिक सुरक्षा भत्ता निकासा गरेकोमा रु.१३९२७६९७३।०० खर्च भई बाँकी रु.२९३९१२।०० फिर्ता आएको छ ।

| | First | | First chhut | | Second | | Third | | Fourth | | Total Sent | Total Reversed | Total Remains |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **Ward** | **Sent** | **Reversed** | **Sent** | **Reversed** | **Sent** | **Reversed** | **Sent** | **Reversed** | **Sent** | **Reversed** | | | |
| 1 | 2584800 | 2584800 | 120000 | 120000 | 2904244 | 2903712 | 2968314 | 2966718 | 2992096 | 2977712 | 11569454 | 11552942 | 16512 |
| 2 | 2751526 | 2735526 | 195900 | 195900 | 3149923 | 3145923 | 3226774 | 3178774 | 3280586 | 3244586 | 12604709 | 12500709 | 104000 |
| 3 | 4488292 | 4487228 | 29556 | 29556 | 4665159 | 4663563 | 4717446 | 4715850 | 4774750 | 4753174 | 18675203 | 18649371 | 25832 |
| 4 | 3628994 | 3601034 | 176568 | 176568 | 3895188 | 3875208 | 3919463 | 3911483 | 4065857 | 4057877 | 15686070 | 15622170 | 63900 |
| 5 | 1649942 | 1647282 | 59172 | 59172 | 1792020 | 1790424 | 1809872 | 1808276 | 1918570 | 1916974 | 7229576 | 7222128 | 7448 |
| 6 | 5429018 | 5415954 | 283830 | 283830 | 6068433 | 6068433 | 6163700 | 6163700 | 6253639 | 6229639 | 24198620 | 24161556 | 37064 |
| 7 | 4065238 | 4060038 | 223800 | 223800 | 4475609 | 4475609 | 4657355 | 4638035 | 4688738 | 4688738 | 18110740 | 18086220 | 24520 |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 8 | 2805964 | 2805964 | 0 | 0 | 2943314 | 2943314 | 2971048 | 2971048 | 3079393 | 3079393 | 11799719 | 11799719 | 0 |
| 9 | 4569623 | 4554987 | 87021 | 87021 | 4868348 | 4868348 | 5040842 | 5040842 | 5130960 | 5130960 | 19696794 | 19682158 | 14636 |
| Diff | 31973397 | 31892813 | 1175847 | 1175847 | 34762238 | 34734534 | 35474814 | 35394726 | 36184589 | 36079053 | 139570885 | 139276973 | 293912 |

१०४.२ सामाजिक सुरक्षा तुलनात्मक विवरण-

| लक्षित समुह | आ.ब. २०७८।७९ को चार त्रैमासिकको औसत सँख्या | आ.ब. २०७९।८० को चार त्रैमासिकको औसत सँख्या | भत्ता दर |
|---|---|---|---|
| ज्येष्ठ नागरिक | १८६२ | २१४१ | ४००० |
| अन्य ज्येष्ठ नागरिक(दलित) | १५० | १७८ | २६६० |
| ज्येष्ठ नागरिक(महिला) | २४१ | २४६ | २६६० |
| बिधवा | ३८५ | ४३२ | २६६० |
| पुर्ण अपाङ्ग क बर्ग | १०८ | ११८ | ३९९० |
| आंशिक अपाङ्ग ख बर्ग | १९७ | २१६ | २१२८ |
| बालबालिका | २२१ | २३७ | ५३२ |
| जम्मा | ३१६४ | ३५६८ | |

१०४.३ कार्यविधि अनुसार प्रत्येक स्थानीय तह वडा कार्यालयहरुले प्रविष्ट गरेको एम आई एस लगतको आधारमा सम्बन्धित वडाका लाभग्राहीहरुको बैंक खातामा रकम जम्मा हुनेगरी त्रैमासिक रुपमा रकम निकासा गर्नुपर्दछ । एम आई एस लगतरिभर्स फिड परीक्षण गर्दा तपसिलको लाभग्राहीहरुको नाम र नागरिकता नं. एकै भएको अवस्थामा समेत रकम वितरण गरेको पाइएकोले वास्तविक लाभग्राही पहिचान गरी भत्ता पाउने लाभग्राही भए सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा दोहोरो हुनेगरी बैक खातामा जम्मा भएको रकम असुल गर्नुपर्दछ ।

| Ward No. | Personal Id | Member Name | Citizenship Number | Deposited Amount |
|---|---|---|---|---|
| **2** | 2009101203528 | Janga Bahadur Rai | 32722716 | 8000 |

| | | | | |
|---|---|---|---|---|
| **2** | 2009101207487 | Janga Bahadur Rai | 32722716 | 4000 |
| **2** | 2008061701737 | Aash Maya Limbu | 178 | 12000 |
| **3** | 2008061004975 | Aash maya Limbu | 178 | 12000 |
| **दोस्रो त्रैमासिक** | | | | |
| **2** | 2008061701737 | Aash Maya Limbu | 178 | 12000 |
| **3** | 2008061004975 | Aash maya Limbu | 178 | 12000 |
| **जम्मा(दोहोरो मध्ये एउटा मात्र जोडिएको)** | | | | **28000** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८,००० |

१०४.४ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ परिच्छेद ५ मा बैंक मार्फत भत्ता वितरण गर्ने सम्बन्धि व्यबस्था रहेको छ । यस आर्थिक बर्षमा सामाजिक सुरक्षा भत्ता वितरण भएको रिभर्स फिड परिक्षण गर्दा निम्न लाभग्राहीहरुको बैंक अकान्ट एउटै भएको देखिएको छ ।लाभग्राही फरक तर बैंक अकान्ट एउटै भएको अवस्था समेत रकम डिपोजिट भएको हुँदा यस सम्बन्धमा पालिकाले आवश्यक छानबिन गरी बढी भुक्तानी भएको वा दोहोरो भएको रकमहरु सँघिय सँचित कोषमा दाखिला हुनुपर्दछ । प्रथम त्रैमासिकको नमुना परीक्षण गर्दा देखिएका केही उदाहरणहरुः-

| Ward no. | Personal ID | Member Name | Citizenship no. | Bank account no. | Deposit amount | Service provider Bank |
|---|---|---|---|---|---|---|
| 2 | 2009101203528 | Janga Bahadur Rai | 32722716 | 09013500559220000001 | 8000 | Kamana Sewa Bikash Bank Limited, Madhumalla Branch |
| 2 | 2009101207487 | Janga Bahadur Rai | 32722716 | 09013500559220000001 | 4000 | Kamana Sewa Bikash Bank Limited, Madhumalla Branch |
| 2 | 2008061701737 | Aash Maya Limbu | 178 | 09013500481303000001 | 12000 | Kamana Sewa Bikash Bank Limited, Madhumalla Branch |
| 3 | 2008061004975 | Aash maya Limbu | 178 | 09013500481303000001 | 12000 | Kamana Sewa Bikash Bank Limited, Madhumalla Branch |
| 5 | 2004030501431 | Ran Kumar Rai | 23529 | 06821400640503000001 | 12000 | Muktinath Bikas Bank Limited, Urlabari Branch |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 5 | 2040110400862 | Raj KUmar Tamang | 052013132 | 06821400640503000001 | 11970 | Muktinath Bikas Bank Limited, Urlabari Branch |

१०४.५ नागरिकता नम्बर एकै भएका लाभग्राहीः - नेपाल सरकारले जारी गर्ने नागरिकता परिचयपत्र नं. प्रत्येक व्यक्तिको फरक फरक हुने गरी जारी गर्दछ ।यस पालिका अन्तर्गतका ९ वटा वडाहरु रहेकोमा प्रथम त्रैमासिकको नमुना परीक्षणको रुपमा सामाजिक सुरक्षा पाउने लाभग्राहीहरुको विवरण परीक्षण गर्दा निम्न व्यक्तिहरुको नागरिकता परिचयपत्र नं. दोहोरो परेको देखिन्छ ।यस पालिका अन्तर्गतका वडा कार्यालयहरुले प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण परीक्षण गरी एकिन गर्ने र लगत कट्टा गर्नुपर्ने भए गरी यात् दोहोरो परेको भए सम्बन्धितबाट असुल गरी एम आइ एस प्रणालीमा अध्यावधिक गर्नुपर्ने देखिन्छ ।

| Ward No. | Member Name | Citizenship no. | Personal ID | Deposit amount |
|---|---|---|---|---|
| 1 | Ratna Man B.K. | 89 | 2000123023382 | 12000 |
| 2 | Gogimaya Limbu | 89 | 1984123006037 | 12000 |
| 6 | Tek Bahadur Thapa | 89 | 2009020406319 | 12000 |
| 1 | Ratna Bahadur Rai | 878 | 1994123019948 | 12000 |
| 2 | Ranajana Bahadur Damai | 878 | 2018091701292 | 7980 |
| 3 | Sant Kumari Shestha | 86 | 1999123022073 | 12000 |
| 4 | sanyog Luitel | 86 | 2071092506608 | 11970 |
| 7 | Kali Maya Magar | 86 | 2003040800726 | 12000 |
| 3 | Lilamaya Raini | 859 | 1996123017418 | 12000 |
| 4 | Jasmaya Chemgung | 859 | 2025010500267 | 7980 |
| 2 | Ranja Bahadur Damai | 839 | 2018090100959 | 7980 |
| 3 | Manish Magar | 839 | 2050111600089 | 11970 |

## १०५ सामाजिक सुरक्षा भत्ता

१०५.१ **परदर्शिता र जवाफदेहिताः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम

दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने साथै, सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन।

**सार्वजनिक सुनुवाईः** स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन । सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ ।

**अनुगमनः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मूल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन।

१०५.२ बैंक रुजुः- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ दफा २६(३) मा एक आर्थिक बर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसुची ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानबिन गरी कुनै लाभग्राहीको मुत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी सँघीय सँचित कोषमा दाखिला गर्नुपर्ने छ भनी उल्लेख गरेको छ ।यस पालिकाले बिभिन्न ६ वटा बैंक(एन.एम.बि बैंक, कामना सेवा बिकास बैंक, मुक्तिनाथ बैंक, प्राइम कमर्सियल बैंक, एस.बि. आई बैंक र राष्ट्रिय वाणिज्य बैंक) मार्फत सामाजिक सुरक्षा भत्ता बितरण गर्ने बैंकबाट

एक आर्थिक बर्षसम्म एक पटक पनि रकम नझिकेका लाभग्राहीहरु कति रहेछन के कति कारणले पैसा झिक्न नसकेका रहेछन मृत्यु भएको कारणले हो कि या बसाईसराई भई अन्यत्र गएको कारणले हो कि भनी बिश्लेषण गर्नको लागि विवरण माग गर्दाबैंकले विवरण उपलब्ध नगराएको हुँदा सो सम्बन्धमा एकिन गर्न सकिएन ।

१०५.३ हिसाब भिडानः - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने र परिच्छेद ५ को बुँदा नं २१ मा भत्ता रकम बैंक मार्फत वितरण गर्नुपर्ने सम्बन्धमा व्यवस्था छ। सोही कार्यविधिको अनुसुची १० को शर्तनं ६ र ७ मा बैंकले तोकिएको ढाँचामा लाभग्राहीको खातामाभत्ता वितरण गरेको विवरण खुल्ने रिभर्स फिड पालिकालाई उपलब्ध गराउनुपर्ने समेत व्यवस्था रहेकोमायस पालिकालेअद्यावधिक रिभर्स फिड माग गरि आएको तर निकासा भिडान गरी हिसाब फरफारक गर्ने गरेको देखिएन । यस सम्बन्धमा पालिकाले अद्यावधिक विवरण माग गरी हिसाब फरफारक गर्नु पर्दछ ।

**अनुसूचीहरू**

# आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्ष:** २०७९/८०

**कार्यालय र स्थान** : मिक्लाजुङ गाउँपालिका, मोरङ , मिक्लाजुङ गाउँपालिका , मोरङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | डम्मरु बल्लभ बल्लभ | २०७९-११-३ | हाल सम्म कार्यरत |

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | होम प्रसाद पौडेल | २०७९-४-१ | २०७९-१०-२९ |
| लेखा प्रमुख | सुशिल वास्तोला | २०७९-५-१२ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरणः**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,६५६,३७०.२७ | २९,४६१,७५३ | १७,१९८,२६८ | ० | ० | ७,९८०,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ५७,२९६,३९१.२७ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | १२,७८१,६०० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ४४,५१४,७९१.२७ |

**स्थानीय तह :**

| गत बर्षको जिम्मेवारी | | २३२३३८३९९.७ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५६५६३८७१८ | **चालु खर्च** | ४१७९७८६६१ |
| **प्रदेश सरकारबाट अनुदान** | २२३८११२५ | **पूँजीगत खर्च** | ३०११८०५२०.५ |

| | | | |
|---|---|---|---|
| **राजश्व बाँडफाँट** | १५३२३९०७८.२ | **वित्तीय/अन्य व्यवस्था** | १८०१३३८५३.७ |
| **आन्तरिक आय** | २५२२८०६४.३ | | |
| **अन्य आय** | १५४१५५५३ | | |
| **कुल आय** | ७८१९०२५३८.५ | **कुल खर्च** | ८९९२९३०३५.२ |
| **बाँकी मौज्दात** | | ११४९४७९०३ | |

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची -३

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ९३,६१,५४,४९१.०० | ६१,१२,७१,८४१.१७ | | ६१,१२,७१,८४१.१७ | ५९,०२,४२,७३३.३८ | | ५९,०२,४२,७३३.३८ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ९३,४५,५४,४९१.०० | ५९,३६,०५,७७०.१७ | ० | ५९,३६,०५,७७०.१७ | ५७,९७,६४,१०२.१३ | ० | ५७,९७,६४,१०२.१३ |
| ११००० कर | ११ | १२,२१,५८,०००.०० | ८,१०,६४,५८८.९७ | ० | ८,१०,६४,५८८.९७ | ९,५५,३२,२००.५४ | ० | ९,५५,३२,२००.५४ |
| १३००० अनुदान | | ४५,९५,७२,४९१.०० | ४२,८८,५७,७८८.५१ | ० | ४२,८८,५७,७८८.५१ | ४३,१२,०९,५९४.०० | ० | ४३,१२,०९,५९४.०० |
| संघीय सरकार | १२ | ४२,७५,९०,४९१.०० | ३९,१९,५५,९२८.६० | ० | ३९,१९,५५,९२८.६० | ३९,९१,३३,०००.०० | ० | ३९,९१,३३,०००.०० |
| प्रदेश सरकार | १२ | २,३२,३२,०००.०० | २,२३,८१,१२५.०० | ० | २,२३,८१,१२५.०० | २,७२,५१,०००.०० | ० | २,७२,५१,०००.०० |
| अन्तरिक श्रोत | | ३७,५०,०००.०० | २३,२९,८००.०० | ० | २३,२९,८००.०० | ४८,२५,५९४.०० | ० | ४८,२५,५९४.०० |
| जनसहभागिता | | ५०,००,०००.०० | १,२१,९०,९३४.९१ | ० | १,२१,९०,९३४.९१ | ० | ० | ० |
| १४००० अन्य राजस्व | | १३,३८,००,०००.०० | ८,३५,८२,६६५.६९ | ० | ८,३५,८२,६६५.६९ | ५,२५,२८,१५०.५९ | ० | ५,२५,२८,१५०.५९ |
| १५००० विविध प्राप्ति | | १०,००,०००.०० | १,००,७२७.०० | ० | १,००,७२७.०० | ४,९४,१५७.०० | ० | ४,९४,१५७.०० |
| ३२००० वित्तीय सम्पत्ति | | २१,८०,२४,०००.०० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १६,००,०००.०० | १,७६,६६,०७१.०० | | १,७६,६६,०७१.०० | १,०४,७८,६३१.२५ | | १,०४,७८,६३१.२५ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | १२,३८,१६५.५० | ० | १२,३८,१६५.५० |
| कोषहरु | | १६,००,०००.०० | ४७,०४,७६५.०० | ० | ४७,०४,७६५.०० | १६,८९,९१३.०० | ० | १६,८९,९१३.०० |
| धरौटी | | ० | १,२९,६१,३०६.०० | ० | १,२९,६१,३०६.०० | ७५,५०,५५२.७५ | ० | ७५,५०,५५२.७५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ९३,६१,५४,४९१.०० | ७२,५६,१०,२४५.८० | | ७२,५६,१०,२४५.८० | ५३,९०,४७,३९४.१३ | | ५३,९०,४७,३९४.१३ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ९३,४५,५४,४९१.०० | ७१,९१,५९,१८१.५२ | | ७१,९१,५९,१८१.५२ | ५३,०७,१३,०१३.३८ | | ५३,०७,१३,०१३.३८ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ७,१२,१८,०००.०० | ६,८६,६५,३५८.२५ | ० | ६,८६,६५,३५८.२५ | ४,५१,६०,४३७.९३ | ० | ४,५१,६०,४३७.९३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | २०,९८,९०,०००.०० | १६,२४,४१,०२३.३१ | ० | १६,२४,४१,०२३.३१ | १२,२९,१७,१६०.१३ | ० | १२,२९,१७,१६०.१३ |
| २५००० सहायता (Subsidy) | १८ | ० | ० | ० | ० | ३,४५,०००.०० | ० | ३,४५,०००.०० |
| २६००० अनुदान | १८ | १२,८४,१९,०००.०० | १२,७४,४९,४९२.२० | ० | १२,७४,४९,४९२.२० | ११,१३,७१,३२४.५४ | ० | ११,१३,७१,३२४.५४ |
| २७००० सामाजिक सुरक्षा | १८ | ८१,७९,०००.०० | ६१,५२,८४२.०० | ० | ६१,५२,८४२.०० | ३५,२७,९९३.७८ | ० | ३५,२७,९९३.७८ |
| २८००० अन्य खर्च | १८ | ५,३८,६४,३००.०० | ५,३२,६९,९४५.२८ | ० | ५,३२,६९,९४५.२८ | १५,३४,५३२.०० | ० | १५,३४,५३२.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ४६,२९,८४,१९१.०० | ३०,११,८०,५२०.४८ | ० | ३०,११,८०,५२०.४८ | २४,५८,५६,५६५.०० | ० | २४,५८,५६,५६५.०० |
| घ. अन्य भूक्तानी | | १६,००,०००.०० | ६४,५१,०६४.२८ | | ६४,५१,०६४.२८ | ५३,९०,४७,३९४.१३ | | ५३,९०,४७,३९४.१३ |
| कोषहरु | | १६,००,०००.०० | १५,१७,४६८.२८ | ० | १५,१७,४६८.२८ | ३७,५३,१३२.०० | ० | ३७,५३,१३२.०० |
| धरौटी | | ० | ४९,३३,५९६.०० | ० | ४९,३३,५९६.०० | ४५,८१,२४८.७५ | ० | ४५,८१,२४८.७५ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | | (११,४३,३८,४०४.६३) | | (११,४३,३८,४०४.६३) | ५,११,९५,३३९.२५ | | ५,११,९५,३३९.२५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २२,४७,०१,८३६.५१ | | २२,४७,०१,८३६.५१ | १७,५८,०८,४८९.७९ | | १७,५८,०८,४८९.७९ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ११,०३,६३,४३१.८८ | | ११,०३,६३,४३१.८८ | २२,७०,०३,८२९.०४ | | २२,७०,०३,८२९.०४ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ११,२२,०९,८२२.३८ | | ११,२२,०९,८२२.३८ | २२,७९,६२,५५१.७१ | | २२,७९,६२,५५१.७१ |

## बेरूजु दफा १६ सँग सम्बन्धित विवरण - अनुसूची -४

यस गाँउपालिकामा कार्यरत कर्मचारीहरुको विभिन्न मितिमा तह बृद्धी हुदाको ग्रेड समायोजन तालिका

| क्र.स | कर्मचारीको नाम | बढुवा भएको तह | बढुवा हुनु भन्दा अघिको पारिश्रमिक | | | बढुवा पछिको पारिश्रमिक | | | बढी तलव | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | तलव | ग्रेड | जम्मा | तलव | ग्रेड | जम्मा | | |
| १ | दिपक रोका क्षेत्री | अधिकृत सातौं | ४३६८९ | ४३६८ | ४८०५७ | ४५८५१ | ३०५६ | ४८९०७ | ८५० | |
| २ | हसरत अलि नेपाल | अधिकृत सातौं | ४३६८९ | ४३६८ | ४८०५७ | ४५८५१ | ३०५६ | ४८९०७ | ८५० | |
| ३ | सरण गजमेर | का.स. दोस्रो | २४७०२ | १६४६ | २६३४८ | २६०८२ | १७३८ | २७८२० | १४७२ | |
| | | | | | | | | | | |

## बेरूजु दफा ६४ सँग सम्बन्धित विवरण - अनुसूची -५

| भौ.नं. मिति | नामपद | नर्म्स अनुसार पाउने रकम | भुक्तानी रकम | बढि भुक्तानी कर कटाई |
|---|---|---|---|---|
| ७७७-२।३२ | बाह्रय प्रशिक्षक मन नेम्वाङ्ग | २०००का दरले १२ कक्षाको रु २४००० | ३०००० | ५१०० |
| ७९६-२।३१ | बाह्रय प्रशिक्षक शान्ति पाखिन | २००० का दरले ५ कक्षाको रु १०००० | २५००० | १२७५० |
| ८०७-३।३ | कृषि अधिकृत मिना शेर्मा | १२००का दरले १० कक्षाको रु १२००० | २१००० | ७६५० |
| | बाह्रय प्रशिक्षक शुक्रराज श्रेष्ठ | २००० का दरले ४ कक्षाको रु ८००० | ११५०० | २९७५ |
| | बाह्रय प्रशिक्षक विनोद यादव | २००० का दरले ४ कक्षाको रु ८००० | ११५०० | २९७५ |
| ७७६-२।२३ | बाह्रय प्रशिक्षक डम्मरु वल्लभ बराल | २०००का दरले ४ कक्षाको रु ८००० | १०००० | १७०० |
| | ले.अ. शुशिल वास्तोला | १२०० का दरले ४ कक्षाको रु ४८०० | १०००० | ४४२० |
| ५११-१२।२० | बाह्रय प्रशिक्षकआशिष थापा | २०००का दरले १४ कक्षाको रु २८००० | ३५००० | ५९५० |
| | जम्मा | | | |

..........प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२ को निर्णयबाट सुमिरा खतिवडा को रु ७,६५० ।-सम्परीक्षण गरिएको ।

## बेरूजु दफा ८५ सँग सम्बन्धित विवरण - अनुसूची -६

..........प्रारम्भिक प्रतिवेदन उपर नियमित गरी प्रमाण पेश भएको आधारमा मिति २०८१।१।३ को निर्णयबाट रु २२,८०,६०२ ।- सम्परीक्षण गरिएको ।

## बेरूजु दफा १०२ सँग सम्बन्धित विवरण - अनुसूची -७

| सि.नं. | पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिनेको नाम | चालुआ.व. | |
|---|---|---|---|---|---|
| | | | | म्याद ननाघेको | म्याद नाघेको |
| **कर्मचारी पेश्की** | | | | | |
| १ | २०७९/०४/०१ | तथ्याङ्क व्यवस्थापन र गाँउ प्रोफायल | लोक प्रसाद दाहाल | ६,००,०००.०० | |
| २ | २०८०/०३/१० | सस्थागत क्षमता विकास,परीक्षा सञ्चालन एवम् विद्यार्थी मुल्याङ्कन | प्राण नाथ दाहाल | १,६६,४५०.०० | |
| **ठेकेदार पेश्की** | | | | | |
| | २०७९/०४/०१ | सफेवा खोला मोटरेवल पुल निर्माण वडा नं. ४ | नारायनम् प्रेमा जे भी | २३,००,०००.०० | |
| | २०७९/०४/०१ | मधुमल्ला तोरीवारी सडक कालोपत्रे | पुर्वान्चिल कन्स्ट्रक्सन | १८,००,०००.०० | |
| | २०७९/०४/०१ | गाँउपालिकाको कार्यालय भवन निर्माण | मार्गदिवी । एस. ए. एस । पुर्वाञ्चल जे.भी. | १६,००,०००.०० | |
| | २०७९/०५/२२ | मगर खोला बक्स कल्भर्ट निर्माण (धोबेनी बजारबाट अस्पताल जाने सडकमा) क्रमागत | नेपाल मेगा - प्रविन - एम बि ए जे /भी | २७,२३,४६२.०० | |
| | २०७९/१०/०३ | भगवती स्कुल भवन निर्माण मिक्लाजुङ ७ मोरङ | जे.वि. एण्ड सन्स कन्स्ट्रक्सन | १०,०८,५००.०० | |
| | २०७९/१०/१५ | भगवती स्कुल भवन निर्माण मिक्लाजुङ ७ मोरङ | जे.वि. एण्ड सन्स कन्स्ट्रक्सन | १०,०८,५००.०० | |
| | २०७९/११/१४ | कवर्ड हल निर्माण (क्रमागत) | डि.जे. निर्माण तथा ढुवानी सेवा | १०,४२,५००.०० | |
| | २०८०/०३/२३ | मगरखोला मोटरेबल पुल निर्माण | नेपाल मेगा - प्रविन - एम बि ए जे /भी | ४५,२१,४२५.०० | |
| | २०८०/०३/२४ | आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण भुक्तानी | चन्द्र तुलसा निर्माण सेवा | ६,७५,०००.०० | |
| **व्यक्तिगत पेश्की** | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | २०७९/०४/०१ | जनता आवास कार्यक्रम | संगित राई | १,५७,५००.०० | |
| | २०७९/०४/०१ | सवारी साधन मर्मत खर्च | घलेन्द्र थापा | १,१०,०००.०० | |
| | २०७९/०४/०१ | सवारी साधन मर्मत खर्च | महाप्रसाद खड्का | १,००,०००.०० | |
| जम्मा | | | | १७८१३३३७ | ७९८०००० |

..........प्रारम्भिक प्रतिवेदन उपर नियमित गरी प्रमाण पेश भएको आधारमा मिति २०८१।१।३ को निर्णयबाट ब्रकाहा माध्यमिक विद्यालय को १,२४४,२७५।-, ब्रकाहा माध्यमिक विद्यालय को १,३९५,७२५।-, श्री देवकोटा माध्यमिक विद्यालय को १,२४४,२७५।-, कालिका सामुदायिक माध्यमिक विद्यालय को ५००,०००।-, कालिका सामुदायिक माध्यमिक विद्यालय को २,२००,०००।-, श्री देवकोटा माध्यमिक विद्यालय को १,३९५,७२५।-समेत जम्मा रु सम्परीक्षण गरिएको ।